# नगर शिक्षा योजना

## गरुडा नगरपालिका, रौतहट

## मधेश, प्रदेश

## (२०८३/२०८४– २०९३/२०९४)

DRAFT


<u>प्रकाशक</u>

**गरुडा नगरपालिका, रौतहट**

**मधेश, प्रदेश**

नगर कार्यपालिकाको कार्यालय

## हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण– सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक– आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत– साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना,दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ । सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

नगर प्रमुख

DRAFT

विषय सूची

DRAFT

## योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो ।यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ ।स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिकनिजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ।यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

DRAFT

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

### ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।
समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ ।

त्यसैगरी शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथैजलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP) दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग

स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना
ज) राष्ट्रिय शिक्षा नीति २०७६,
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) राजनीतिक दलको घोषणापत्र
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

<u>बैठकका निर्णयहरु र उपस्थितिहरु अनुसूचीमा समावेश गर्ने ।</u>

| |
|---|
| क) कार्यपालिकाको बैठकको निर्णय |
| ख) योजना निर्माण समितिको गठन |
| ग) योजना निर्माण कार्यदल गठन |
| घ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय |

| |
|---|
| ङ) प्रथम मस्यौदा तयारी |
| च) योजनाको अन्तिम रुप |
| छ) योजनाको मूल्यांकंन |
| ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था |

**घ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइरहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासनतथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

DRAFT

# परिच्छेद १
# परिचय

## १.१भौगोलिक अवस्थिति

**भौगोलिक अवस्था :**

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मधेश प्रदेश अन्तर्गत पर्ने तराई क्षेत्रको जिल्ला रौतहट सदरमुकाम गौर भन्दा उतर २२ कि.मी र चंद्रपुर भन्दा २० कि.मी दक्षिणमा रहेको रौतहट जिल्लाको मध्य भागमा रहेको गरुडा नगरपालिकाको पूर्वमा गढ़िमाइ नगरपालिका, पश्चिममा कटहरिया नगरपालिका, उत्तरमा वृन्दावन नगरपालिका र दक्षिणमा माधवनारायण नगरपालिका रहेको छ । विं. स. २०७१ मंसिर १६ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विं. स.२०७१ पुस २१ गते औपचारिक रुपमा साविकको गा.बि.स.हरु गरुडा बैरिया , महमदपुर, जयनगर, गेडहीगुठी, मलाही, पोठियाही र बसबिट्टी जिगडिया समायोजन भै गरुडा नगरपालिकाको स्थापना भएको हो । यसपश्चात लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था पश्चात स्थानीय तह पूर्नसंरचनाका लागि गरिएको निर्णयानुसार साविक गा.बि.स. पिपरिया दोस्तिया र रघुनाथपुर गाविसको समायोजन भई ९ वटा वडा सहितको नगरपालिको प्रवद्धिकरण भएको हो । यस नगरपालिकाको क्षेत्रफल ४४ .४६ वर्ग कि.मी. रहेको छ । जातिय, धार्मिक, भाषिक, साँस्कृतिक, सामाजिक तथा राजनैतिक महत्व तथा विशेषता बोकेको यस गरुडा नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । सामाजिक अवस्था :- गरुडा न.पा. रौतहटकै प्रगति उन्मुख नगर हो । जहाँ बिजुली, बत्ती, खानेपानी, बाटो घाटो, पुल, अस्पताल, विद्यालय उच्चशिक्षा खेलकुद लगायत सम्पूर्ण दृष्टिले सु सम्पन्न नगर हो ।यहाँ मुख्यत व्यापार ब्यबशाय ,कृषि मुख्य आम्दानीको स्रोत रहेको छ । यहाँ मुस्लिम,यादव,कलवार लगायत बिभिन्न जातजातिको बसोबास रहेको छ । यस नगरपालिकाको वडा नम्बर ५ शिवनगरमा रहेको शिव मन्दिर आकर्षण को केन्द्र रहेको छ ।बिभिन्न धर्म सस्कृती मान्ने व्यक्तिहरुको बसोबास रहेको यस नगरपालिकामा एक अर्का प्रति सहयोग र अपनत्वको भावना देखिन्छ।बिभिन्न भाषाभाषी को बासोबास रहेको यस नगरपालिकामा मुख्यत बज्जिका भाषा बोलिन्छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

गरूडा नगरपालिका को राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्यायिक संरचना निम्नानुसार रहेको छः

कुल जनसंख्या : करिब ५५ हजारभन्दा बढी

पुरुष जनसंख्या : करिब २७ हजार

महिला जनसंख्या : करिब २८ हजार

घरधुरी संख्या : करिब ९–१० हजार

औसत परिवार संख्या : प्रति घरधुरी लगभग ५ जना

मुख्य जातजाति : यादव, मुस्लिम, तेली, पासवान, कुर्मी, साह, कानु, तत्मा लगायत

मुख्य भाषा : बाज्जिका, मैथिली, भोजपुरी, नेपाली,

धर्म : हिन्दु तथा मुस्लिम समुदायको बाहुल्यता

बसोबास संरचना : अधिकांश तराई समथर भूभागमा केन्द्रित

आर्थिक पेशा : कृषि, व्यापार, वैदेशिक रोजगारी तथा साना व्यवसाय

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकामा बसोबास गर्ने जनसंख्या ६६.१७% रहेको देखिएको छ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

गरूडा नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त, सहिष्णु तथा परम्परागत विशेषताले भरिएको छ। यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका मानिसहरू मिलेर बसोबास गर्छन्।

**क) सामाजिक अवस्था**

गरूडा नगरपालिका रौतहट जिल्लाकै विकासोन्मुख नगरपालिकामध्ये एक मानिन्छ। यहाँ विद्युत, खानेपानी, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था तथा खेलकुदका पूर्वाधार क्रमशः विकास हुँदै गएका छन् । मुख्य पेशाका रूपमा कृषि, व्यापार तथा साना व्यवसाय रहेका छन्। यादव, मुस्लिम, कलवार, दुसाद, कानु, तेली, लोहार लगायत विभिन्न जातजातिको बसोबास रहेको पाइन्छ । विभिन्न समुदायबीच आपसी सहयोग, सद्भाव र सहअस्तित्वको भावना देखिन्छ।

DRAFT

### ख) सांस्कृतिक अवस्था

गरूडा नगरपालिका बहुभाषिक तथा बहुसांस्कृतिक क्षेत्र हो । यहाँ बज्जिका भाषा मुख्य रूपमा बोलिने भए पनि नेपाली, मैथिली, भोजपुरी तथा उर्दू भाषाको प्रयोग पनि गरिन्छ। हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरूको उल्लेख्य बसोबास भएकाले दुवै समुदायका पर्वहरू सामूहिक रूपमा मनाइन्छन् । छठ, होली, दशैं, तिहार, ईद, मुहर्रम जस्ता पर्वहरू यहाँ विशेष उत्साहका साथ मनाइन्छन् । परम्परागत लोकसंस्कृति, भजन–कीर्तन, झिझिया, ताजिया, झारा, सामा–चकेवा, लोकनृत्य तथा स्थानीय मेलाहरूले यहाँको सांस्कृतिक पहिचान झल्काउँछन्।

### ग) धार्मिक तथा सामाजिक विशेषता

वडा नं. ५ शिवनगरमा रहेको शिव मन्दिर धार्मिक आस्थाको प्रमुख केन्द्र मानिन्छ । पालिका भित्रका विभिन्न वडाहरुमा मस्जिद, मक्तव, मठ, मन्दिर पनि धार्मिक स्थलको रुपमा रहेका छन । विभिन्न धर्म र संस्कृतिका मानिसहरूबीच सहिष्णुता तथा सामाजिक एकता रहेको पाइन्छ। विवाह, व्रतबन्ध, ईद तथा अन्य सामाजिक संस्कारहरू परम्परागत ढंगले मनाइने गरिन्छ ।

### निष्कर्ष

गरूडा नगरपालिका सामाजिक, धार्मिक तथा सांस्कृतिक विविधताको उत्कृष्ट उदाहरण हो। यहाँका समुदायबीचको मेलमिलाप, परम्परा, भाषा तथा संस्कृतिले नगरपालिकाको पहिचानलाई अझ समृद्ध बनाएको छ ।

## १.४ आर्थिक अवस्था

गरूडा नगरपालिका को आर्थिक अवस्था मुख्यतः कृषि, व्यापार र वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्समा आधारित रहेको देखिन्छ। यहाँको अर्थतन्त्र मधेश प्रदेशका अन्य नगरपालिकाजस्तै कृषि उत्पादन र साना व्यवसायमा निर्भर छ।

**मुख्य आर्थिक पक्षहरूः-**

कृषि प्रमुख आधार : धान, गहुँ, मकै, तरकारी तथा उखु खेती यहाँको मुख्य आम्दानीको स्रोत हो। धेरै परिवार कृषि तथा पशुपालनमा निर्भर छन्। व्यापार तथा बजार गतिविधिः गरूडा बजार र आसपासका क्षेत्रमा किराना, कपडा, कृषि सामग्री, हार्डवेयर लगायतका साना तथा मध्यम व्यापार सञ्चालनमा छन्। पूर्व–पश्चिम सडक पहुँचका कारण व्यापारिक गतिविधि विस्तार हुँदै गएको छ।

**नगरपालिकाको बजेट अवस्था :**

हालका वर्षहरूमा नगरपालिकाले पूर्वाधार, शिक्षा, स्वास्थ्य, सडक र खानेपानी क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेको छ। नगरपालिका आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि ............ करोडभन्दा बढी बजेट प्रस्तुत गरिएको उल्लेख छ। जसमा शिक्षा क्षेत्रमा मात्र (नगर सभा नभएको) बजेट छुट्टिएको छ । नगरपालिकाको यस बजेट यहाँ बसोबास गर्ने सिमान्तकृत, पिछडिएको वर्ग, अपाङ्गता भएका तथा महिला तथा बालिकाहरूका लागि विशेष योजनागत रूपमा काम गर्ने गरी विनियोजन भएको छ ।

**विकासका चुनौतीहरू:**

बेरोजगारी, कृषि आधुनिकीकरणको कमी, उद्योगधन्दाको अभाव, कमजोर कर संकलन तथा बेरुजु समस्या आर्थिक विकासका चुनौती हुन्। महालेखा परीक्षकको प्रतिवेदन अनुसार नगरपालिकामा उल्लेख्य बेरुजु रकम देखिएको छैन । कृषि बजार, शिक्षा, साना उद्योग, दुग्ध उत्पादन, तथा सडक सञ्जाल विस्तारका कारण भविष्यमा आर्थिक वृद्धि हुने सम्भावना राम्रो मानिन्छ।

## १.५ शैक्षिक अवस्था

गरूडा नगरपालिकाको शैक्षिक अवस्था मधेश प्रदेशकै विकासोन्मुख अवस्था मध्ये मानिन्छ। यहाँ सामुदायिक तथा संस्थागत विद्यालयहरूको संख्या बढ्दै गएको छ भने माध्यमिक तथा उच्च तह सम्मको शिक्षा उपलब्ध छ। नगरपालिकाले शिक्षा क्षेत्रमा शिक्षक व्यवस्थापन, विद्यालय अनुगमन, छात्रवृत्ति तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्दै आएको छ।

| वडा | प्रि-स्कुल | आधारभूत | | | माध्यमिक | | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | ECD | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | | |
| जम्मा | १०३५ | ४४९१ | ७१८९ | १०६२० | १२३४७ | १३१७२ | | १४२०७ |

### १.५.१ विद्यार्थी विवरण

यस गरुडा नगरपालिका अन्तर्गतका विद्यायमा जम्मा १४२०७ जना विद्यार्थीहरु  जस मध्ये ७२२५ छात्राहरू रहेका छन् ।

अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजाति अनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

| तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाती | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पुर्वप्राथमिक | ५०८ | ५२७ | १३३५ | ८६ | ७७ | १६३ | २ | ५ | ७ | ४१८ | ४४२ | ८६० |
| कक्षा (1-5) | ३८३७ | ३३५२ | ७१८९ | ६०७ | ५७५ | ११८२ | २५ | २० | ४५ | ३९३ | २७४५ | ५९३८ |
| कक्षा (6-8) | १७९० | १६४१ | ३४३१ | २३० | २१९ | ४४९ | २५ | २२ | ४७ | २५२८ | १३८७ | २९१५ |
| कक्षा (9-10) | ७७६ | ८५१ | १६२७ | १०३ | १०३ | २०६ | २० | २० | ४० | ६५० | ५२७ | १३७७ |
| जम्मा | ७३७२ | ६८३५ | १४२०७ | ९८१ | १४१ | १९४२ | ७९ | ६९ | १४८ | ५७७७ | ५२६४ | ११०४१ |



DRAFT

तालिकाः विद्यार्थी विवरण

### १.५.२ तालिकाः अपाङ्गता भएका विद्यार्थी विवरण

गरूडा नगरपालिका भित्रका सामुदायिक तथा धार्मिक र संस्थागत विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थीहरूमध्ये विशेष कारणले अपाङ्गता भएका बालबालिकाको संख्या ८२ रहेको छ भने जसमा २९ छात्राहरूको संख्या रहेको छ । अपाङ्गता भएका कुल ८२ मध्ये ८ सुनाइसम्बन्धी, १५ दृष्टिसम्बन्धी, ३२ शारीरिक अपाङ्गता भएका, ५ बौद्धिक अपाङ्गता तथा बहुअपाङ्गता भएका विद्यार्थी रहेका छन् ।

| कक्षा/तह | जम्मा विद्यार्थी | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | ० | ० | ० |
| कक्षा १-३ | ८ | ९ | १७ |
| कक्षा ४-५ | ९ | २१ | ३० |
| कक्षा ५-८ | १३ | १० | २३ |
| आधारभूत तह १-८ | ० | ० | ० |
| कक्षा ९-१० | ७ | ५ | १२ |
| कक्षा ११-१२ | | | |

स्रोत: RRPK Peport 2083

DRAFT

### १.३.६ शिक्षक विवरण

### तहगत शिक्षक दरबन्दी विवरण

| | शिक्षक संख्या | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थाई | | | | अस्थाई | | | | राहत | | | | कुल शिक्षक |
| पालिका | प्रा. बा. बि | प्रा.बि | नि.मा.बि | मा बि | कुल स्थाई | प्रा बि | नि. मा .बि | मा .बि | कुल अस्थाई | प्रा बि | नि. मा. बि | मा .बि | कुल राहत | |
| गरुडा | ३१ | ५६ | १० | ८ | ७४ | ४ | १ | ३ | ८ | २९ | ४ | ३ | ३६ | ११८ |

**मुख्य शैक्षिक अवस्थाहरू यस प्रकार छन्:**

- नगरपालिकाभित्र आधारभूत, माध्यमिक तथा नमुना विद्यालय सञ्चालनमा रहेका छन् । विद्यालयमा करार शिक्षक, स्वयंसेवक शिक्षक तथा प्रशिक्षक नियुक्तिका सूचना नियमित प्रकाशित हुने गरेका छन्।

- वार्षिक शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन हुने भएकाले शैक्षिक तथ्यांक अद्यावधिक गर्ने अभ्यास रहेको देखिन्छ।

- विद्यालय लेखा परीक्षण, शिक्षक सरुवा तथा शैक्षिक प्रशासनिक कार्यहरू व्यवस्थित रूपमा सञ्चालन भइरहेको छ।

- नगरपालिकामा माध्यमिक विद्यालयहरूको शैक्षिक नतिजा पछिल्ला वर्षहरूमा सुधार हुँदै गएको पाइन्छ । विशेष रूपमा रौतहट जिल्लाको कम साक्षरता दरको बाबजुद गरूडा नगरपालिकास्थित नमुना माध्यमिक विद्यालय गरुडा देशकै उत्कृष्ट SEE नतिजा ल्याउने

DRAFT

विद्यालयमध्ये परेको समाचार प्रकाशित भएको थियो। यसले नगरपालिकाको शैक्षिक गुणस्तर सुधारतर्फ सकारात्मक संकेत गर्दछ।

**चुनौतीहरू :**

- ग्रामीण क्षेत्रमा विद्यार्थी नियमितताको समस्या
- आर्थिक कमजोर परिवारका बालबालिकाको विद्यालय छोड्ने दर
- डिजिटल तथा प्रविधिमैत्री शिक्षाको अभाव
- केही विद्यालयमा भौतिक पूर्वाधार कमजोर
- विज्ञान तथा प्राविधिक शिक्षामा सीमित पहुँच
- नगरपालिकाले विद्यालय भवन निर्माण, शैक्षिक सामग्री वितरण, शिक्षक तालिम तथा नमुना विद्यालय विकास जस्ता कार्यक्रममार्फत सुधारको प्रयास गरिरहेको छ।

## २. सबल पक्षहरु

गरूडा नगरपालिका, रौतहटको शैक्षिक अवस्थाका प्रमुख सवल पक्षहरू निम्नानुसार रहेका छन् :

- विद्यालयहरूको पर्याप्त उपलब्धता
- गरूडा नगरपालिकामा सामुदायिक तथा संस्थागत विद्यालयहरूको संख्या राम्रो रहेको छ। आधारभूतदेखि माध्यमिक तहसम्मका विद्यालयहरू अधिकांश वडामा सञ्चालनमा छन्।
- नगरपालिकाको शिक्षा क्षेत्रमा सक्रियता
- नगरपालिकाले शिक्षा शाखामार्फत शिक्षक व्यवस्थापन, विद्यालय अनुगमन, शैक्षिक सूचना प्रकाशन तथा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। शिक्षक सरुवा, करार शिक्षक नियुक्ति तथा विद्यालय लेखा परीक्षण सम्बन्धी कार्य नियमित रूपमा भइरहेको देखिन्छ।
- उच्च माध्यमिक शिक्षा सम्म पहुँच विस्तार
- नगरपालिकाभित्र माध्यमिक तथा उच्च माध्यमिक तहसम्म अध्ययन गर्ने अवसर उपलब्ध भएकाले विद्यार्थीलाई बाहिर जानुपर्ने अवस्था केही कम भएको छ।
- नमुना विद्यालय र शैक्षिक सुधार पहल ।

- गरूडा क्षेत्रमा "नमुना माध्यमिक विद्यालय" जस्ता विद्यालयहरूको विकासले गुणस्तरीय शिक्षाको आधार मजबुत बनाएको छ। नगरपालिकाले "छोराछोरीलाई अनिवार्य विद्यालय पठाऔँ" जस्ता अभियान पनि सञ्चालन गरेको छ।
- स्थानीय सरकारको बजेट तथा नीति समर्थन ।
- नगरसभाबाट शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै नीति तथा कार्यक्रम सञ्चालन गरिनु सकारात्मक पक्ष हो। विद्यालय सुधार, शिक्षक व्यवस्थापन र शैक्षिक पूर्वाधार विकासमा स्थानीय तह सक्रिय देखिन्छ।
- शिक्षामा समुदायको सहभागिता ।
- अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय समुदायको विद्यालयप्रति चासो बढ्दै गएको छ। यसले विद्यालय सञ्चालन र विद्यार्थी नियमिततामा सहयोग पुर्‍याएको छ ।
- शैक्षिक प्रशासनको संस्थागत संरचना ।
- नगरपालिकामा शिक्षा अधिकृत तथा शिक्षा शाखाको व्यवस्था भएकाले शैक्षिक प्रशासन व्यवस्थित रूपमा सञ्चालन भइरहेको छ ।
- विद्यालयमा अतिरिक्त शैक्षिक गतिविधि
- केही विद्यालयहरूले अतिरिक्त कक्षा, शैक्षिक भ्रमण, छात्रवृत्ति तथा उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गर्दै आएका छन्, जसले सिकाइ उपलब्धि सुधारमा सहयोग पुर्‍याएको छ ।
- डिजिटल तथा प्रशासनिक सुधारको सुरुवात ।
- विद्यालय लेखा परीक्षण, प्रतिवेदन प्रणाली तथा सूचना प्रवाहमा सुधार हुँदै गएको देखिन्छ । नगरपालिकाको वेबसाइटमार्फत शिक्षा सम्बन्धी सूचना सार्वजनिक गरिनु पनि सकारात्मक पक्ष हो ।
- शिक्षाप्रति जनचेतना वृद्धि ।
- बालबालिकालाई विद्यालय पठाउने अभिभावकको चेतना बढ्दै गएको छ, जसले विद्यालय भर्नादर तथा नियमित उपस्थितिमा सुधार ल्याएको छ ।

DRAFT

### ३. शिक्षा क्षेत्रका समस्याहरू

गरूडा नगरपालिका को शैक्षिक अवस्था पछिल्ला वर्षहरूमा क्रमशः सुधारोन्मुख देखिए पनि अझै धेरै अवसर र चुनौतीहरू विद्यमान छन्। नगरपालिकामा सामुदायिक तथा संस्थागत विद्यालय, आधारभूत तथा माध्यमिक तहका विद्यालय, प्राविधिक शिक्षाको प्रारम्भिक पहुँच, तथा शिक्षा शाखाको सक्रियता देखिन्छ।

**गरूडा नगरपालिकाको शैक्षिक अवस्था**

गरूडा नगरपालिकामा आधारभूत तथा माध्यमिक विद्यालयहरूको संख्या पर्याप्त रहेको देखिन्छ। विभिन्न वडामा सामुदायिक विद्यालय सञ्चालनमा छन् र शिक्षा शाखाले शिक्षक व्यवस्थापन, विद्यालय लेखापरीक्षण, IEMIS अद्यावधिक, तथा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

**शिक्षा क्षेत्रमा मुख्य अवस्थाहरू :**

- .सामुदायिक विद्यालयको संख्या उल्लेखनीय
- निजी विद्यालयको आकर्षण बढ्दो
- दिवा खाजा, छात्रवृत्ति, पोषण कार्यक्रम सञ्चालन
- बालबालिकाको विद्यालय पहुँचमा वृद्धि
- केही विद्यालयमा कम्प्युटर तथा डिजिटल सिकाइको प्रारम्भ
- SEE परीक्षामा सुधार प्रयास
- शिक्षक सरुवा तथा करार शिक्षक नियुक्ति प्रक्रिया सक्रिय

**शैक्षिक अवसरहरू**

१. स्थानीय सरकारको सक्रियता

नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय अनुगमन, शिक्षक व्यवस्थापन, लेखापरीक्षण तथा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले विद्यालय व्यवस्थापनमा सुधार ल्याउने अवसर दिएको छ।

२ विद्यालयको पहुँच विस्तार

DRAFT

अधिकांश वडामा आधारभूत तथा माध्यमिक विद्यालय भएकाले बालबालिकाको विद्यालय पहुँच बढेको छ। ग्रामीण क्षेत्रमा पनि विद्यालय विस्तार हुनु सकारात्मक पक्ष हो।

**३. प्राविधिक तथा सीपमूलक शिक्षाको सम्भावना**

कृषि, कम्प्युटर, सिलाइकटाइ, तथा रोजगारमुखी तालिममार्फत विद्यार्थीलाई सीपयुक्त बनाउने सम्भावना उच्च छ । मधेश प्रदेशमा प्राविधिक शिक्षाको माग बढ्दै गएको छ ।

**४. डिजिटल शिक्षाको अवसर**

इन्टरनेट, स्मार्टफोन तथा कम्प्युटरको पहुँच बढ्दै जाँदा डिजिटल सिकाइ प्रणाली विकास गर्ने अवसर रहेको छ । ई–लाइब्रेरी, स्मार्ट कक्षा तथा अनलाइन शिक्षाले शिक्षण सिकाइ प्रभावकारी बनाउन सक्छ ।

**५. अभिभावक सचेतनामा वृद्धि**

अहिले अभिभावकहरू शिक्षाप्रति पहिलेभन्दा बढी सचेत देखिन्छन् । बालिकाको विद्यालय सहभागिता पनि क्रमशः बढ्दो अवस्थामा छ ।

**६. संघीय तथा प्रदेश सरकारको सहयोग**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, दिवा खाजा, छात्रवृत्ति, पोषण कार्यक्रम, विद्यालय भवन निर्माण जस्ता कार्यक्रमले शिक्षा क्षेत्रमा सहयोग पुगेको छ ।

शैक्षिक चुनौतीहरू

**१. गुणस्तरीय शिक्षाको अभाव**

विद्यालय संख्या बढे पनि सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर देखिन्छ। धेरै विद्यार्थीमा पढाइ, लेखाइ तथा गणनात्मक सीप कमजोर हुने समस्या छ ।

**२. शिक्षक अभाव तथा अनियमितता**

कतिपय विद्यालयमा विषयगत शिक्षकको कमी, करार शिक्षकमा निर्भरता, तथा शिक्षक नियमितताको समस्या देखिन्छ। ग्रामीण विद्यालयमा दक्ष शिक्षक टिकाइराख्न कठिन छ।

### ३. भौतिक पूर्वाधार कमजोर

- पर्याप्त कक्षाकोठा अभाव
- प्रयोगशाला तथा पुस्तकालय कमजोर
- खानेपानी तथा शौचालय समस्या
- खेलमैदान अभाव
- फर्निचरको कमी

### ४. आर्थिक तथा सामाजिक समस्या

गरिबी, वैदेशिक रोजगार, बालश्रम, तथा अभिभावकको कमजोर आर्थिक अवस्थाले विद्यार्थीको नियमितता प्रभावित हुन्छ । केही विद्यार्थी बीचमै विद्यालय छोड्ने अवस्था पनि देखिन्छ।

### ५. निजी विद्यालयतर्फ आकर्षण

सामुदायिक विद्यालयप्रति विश्वास घट्दै जाँदा सक्षम परिवार निजी विद्यालयतर्फ आकर्षित भएका छन् । यसले सामुदायिक विद्यालयको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ ।

### ६. डिजिटल विभाजन

सबै विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा डिजिटल सामग्री उपलब्ध छैन। ग्रामीण तथा विपन्न विद्यार्थी डिजिटल शिक्षाबाट वञ्चित हुने जोखिम छ ।

### ७. भाषा तथा सिकाइ समस्या

मधेश क्षेत्रमा बज्जिका, भोजपुरी, मैथिली, उर्दु भाषी विद्यार्थी धेरै भएकाले नेपाली माध्यममा सिकाइ गर्दा प्रारम्भिक कक्षामा बुझाइ समस्या हुन सक्छ ।

### ८. अभिभावक सहभागिता न्यून

कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको सक्रियता कमजोर हुँदा विद्यालय सुधारमा प्रभाव परेको देखिन्छ।

**सुधारका सम्भावित उपायहरू:**

- शिक्षक तालिम तथा क्षमता विकास
- ICT आधारित शिक्षण विस्तार
- पुस्तकालय र प्रयोगशाला सुदृढीकरण
- नियमित अनुगमन र मूल्यांकन
- अभिभावक शिक्षा कार्यक्रम सञ्चालन
- बालमैत्री तथा समावेशी वातावरण निर्माण
- प्राविधिक तथा रोजगारमुखी शिक्षा विस्तार
- उत्कृष्ट विद्यालयलाई नमुना विद्यालयका रूपमा विकास
- स्थानीय पाठ्यक्रम लागू गर्ने

**निष्कर्ष**

गरूडा नगरपालिकामा शिक्षा क्षेत्रमा उल्लेखनीय सम्भावना रहेको छ। स्थानीय सरकारको सक्रियता, विद्यालय पहुँच, तथा जनचेतनाको वृद्धि सकारात्मक पक्ष हुन् । तर गुणस्तरीय शिक्षा, दक्ष शिक्षक, भौतिक पूर्वाधार, तथा डिजिटल पहुँच जस्ता चुनौती समाधान गर्न सकेमा नगरपालिकाले शैक्षिक क्षेत्रमा ठूलो प्रगति गर्न सक्छ । दीर्घकालीन योजना, समुदायको सहभागिता, तथा प्रविधिमैत्री शिक्षामार्फत गरूडा नगरपालिकालाई उत्कृष्ट शैक्षिक नगरका रूपमा विकास गर्न सकिन्छ ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ । अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ । अभिभावक शिक्षाको अभावले घर–विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ ।

**ख) गुणस्तर र सान्दर्भिकता**

DRAFT

शिक्षणसिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थीकेन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन् । विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ । स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ । यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि– मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

**घ) भौतिक पूर्वाधार**

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण– सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ । सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ । विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन

DRAFT

। परीक्षाकेन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन ।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ । लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन् । समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ।माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्नेलगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

**४. अवसरहरू**

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ । यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग

DRAFT

विस्तार भएसँगै डिजिटल शिक्षण– सिकाइ, अनलाइन सामग्री र शिक्षक– विद्यार्थी समन्वयमा सहजता आएको छ । स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ । त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ । साथै वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले गरुडा नगरपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ ।

## ५. चुनौतीहरू

गरूडा नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ । लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ । जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ । दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचनासञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ । जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ ।

सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ । यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा गरूडा नगरपालिकामा समावेशी दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ ।

DRAFT

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामार्फत सक्षम, नैतिक र प्रतिस्पर्धी नागरिक निर्माण गर्ने।"

### २.२ लक्ष्य

गरुडा नगरपालिकाको **शैक्षिक लक्ष्य** भनेको नगरभित्रका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षा प्रदान गर्नु, विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नु तथा दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु हो।

### २.३ उदेश्य

१ नगरपालिकाभित्रका सबै बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै विद्यालयमा उनीहरूको भर्ना, टिकाउ र सिकाउ दरमा वृद्धि गर्नु

२. जातजाति, लिङ्ग, भाषा, धर्म र अपाङ्गता भएका कारणले कोही पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भनी समान अवसर सहितको बालमैत्री र समावेशी शिक्षा प्रणालीको विकास गर्नु

३. औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका वा बीचमै पढाइ छाडेका व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला तथा जीवनपर्यन्त निरन्तर सिकाइको उपयुक्त वातावरण सुनिश्चित गर्नु ।

४. विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन कायम गर्दै शिक्षण सिकाइ क्रियाकलाप र नतिजामा गुणात्मक सुधार ल्याउनु,

५. नवप्रवर्तन र प्रविधिलाई आत्मसात् गर्दै बजारको माग अनुरूप प्राविधिक, व्यावहारिक र सीपयुक्त प्रतिस्पर्धी मानव संशाधनको विकास गर्न,

## २.४रणनीतिहरु

**उद्देश्य १. नगरपालिकाभित्रका सबै बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै विद्यालयमा उनीहरूको भर्ना, टिकाउ र सिकाउ दरमा वृद्धि गर्नु**

**रणनीतिहरू:**

१) पाठ्यक्रमलाई व्यवहारिक, जीवनोपयोगी र स्थानीय आवश्यकता सँग जोडेर कार्यान्वयन गर्ने ।

२) विद्यार्थी-केन्द्रित तथा सिकारूमुखी शिक्षण पद्धतिको प्रवर्द्धन (छलफल, परियोजना कार्य, समस्या समाधान) अपनाउने ।

३) समतामूलक सहभागिताका लागि लक्षित तथा विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

४) कमजोर तथा पिछडिएका विद्यार्थीका लागि विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

५) नियमित अनुगमन मूल्याङ्कन र सुधारात्मक कार्य योजना लागू गर्ने ।

६ शिक्षण सिकाइमा प्रविधिको (ICT) एकीकरण र आधुनिक पूर्वाधारको विकास।

७) नतिजामुखी निरन्तर मूल्याङ्कन र सुधारात्मक अनुगमन प्रणाली, निरन्तर मूल्याङ्कन (Continuous Assessment System) लागू गर्ने ।

८) पर्याप्त शैक्षिक पूर्वाधार (कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला) विकास गर्न ।

९) स्थानीय आवश्यकतामा आधारित व्यावहारिक र जीवनोपयोगी पाठ्यक्रम कार्यान्वयन

**उद्देश्य २.** जातजाति, लिङ्ग, भाषा, धर्म र अपाङ्गता भएका कारणले कोही पनि शिक्षाबाट वञ्चित हुन नपरोस् भनी समान अवसर सहितको बालमैत्री र समावेशी शिक्षा प्रणालीको विकास गर्नु

**रणनीतिहरू:**

१) विद्यालयमा सबै बालबालिकालाई समान पहुँच सुनिश्चित स्पष्ट नीति लागू गर्ने ।

२) भौतिक तथा सञ्चार पहुँचयुक्तताको सुनिश्चितता (Accessibility) अपाङ्गमैत्री कक्षा कोठा, र्‍याम्प, शौचालय तथा पहुँच योग्य वातावरण निर्माण गर्ने ।

३) समावेशी शिक्षण विधि, विशेष आवश्यकता भएका बालबालिका व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने ।

DRAFT

४) बहुभाषिक र सांस्कृतिक विविधताको सम्बोधन गर्ने,

५) शिक्षकहरूको समावेशी क्षमता विकास

६) विविध क्षमता र पृष्ठभूमि भएका विद्यार्थी अनुसार अनुकूल पाठ्यक्रम प्रयोग गर्ने ।

७) विशेष आवश्यकता भएका बालबालिकाको पहिचान ।

८) परामर्श सेवा, शिक्षक, सहयोगी कर्मचारीको व्यवस्था गर्ने ।

९) भेदभाव न्यूनीकरण कार्यक्रम

१०) लैङ्गिक तथा सामाजिक समावेशीकरण (GEDSI) मूलप्रवाहीकरण गर्दै जात, लिंग, अपाङ्गता वा आर्थिक अवस्थाका आधारमा हुने भेदभाव रोक्ने कार्यक्रम सञ्चालन गर्ने ।

**उद्देश्य ३** औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका वा बीचमै पढाइ छाडेका व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला तथा जीवनपर्यन्त निरन्तर सिकाइको उपयुक्त वातावरण सुनिश्चित गर्नु ।

**रणनीतिहरु**

१) वैकल्पिक तथा खुला शिक्षा प्रणालीको सुदृढीकरण गर्दै सबै बालबालिकाका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा लागू गर्ने ।

२) भाषा, जाति, क्षेत्रीय असमानता घटाउन समावेशी नीति कार्यान्वयन गर्ने ।

३) छात्रवृत्ति, पोशाक, पुस्तक तथा दिवा खाजा जस्ता प्रोत्साहन कार्यक्रमहरू विस्तार गर्ने ।

४) अपाङ्गता भएका बालबालिकाका लागि समावेशी (inclusive) शिक्षा प्रणाली विकास गर्ने ।

५) बालिका शिक्षा प्रवर्द्धनका लागि विशेष अभियान र सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।

६) गरिब तथा जोखिममा रहेका परिवारका बालबालिकालाई लक्षित गर्दै लक्षित सहायता कार्यक्रम सञ्चालन गर्ने ।

७) अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रमको विस्तार गर्ने ।

८) जीवनपर्यन्त सिकाइ र सामुदायिक सिकाउ केन्द्र (CLC) को परिचालन गर्दै शिक्षामा

DRAFT

मुलप्रवाहिकरण गर्ने ।

९) डिजिटल र दूरशिक्षा (Distance Learning) को उपयोग गर्ने ।

**उद्देश्य ४** विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन कायम गर्दै शिक्षण सिकाइ क्रियाकलाप र नतिजामा गुणात्मक सुधार ल्याउनु ।

**रणनीतिहरू**

१) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने, नियमित तालिम, कार्यशाला र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने ।

२) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्नपरिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने ।

३) प्रधानाध्यापक छनोट प्रणालीलाईयोग्यता र क्षमताका आधारमाहुने गरी परिमार्जन गर्ने

४) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाईस्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने ।

५) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालयसमुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने ।

६) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागिएकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने ।

७) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने ।

८) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने ।

९) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचार संहि ता निर्माण गरी लागू गर्ने

१०) नगरपालिका भरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने ।

११) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमिततालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

**उद्देश्य ५** नवप्रवर्तन र प्रविधिलाई आत्मसात् गर्दै बजारको माग अनुरूप प्राविधिक, व्यावहारिक र सीपयुक्त प्रतिस्पर्धी मानव संशाधनको विकास गर्न ।

**रणनीतिहरू**

१) प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार (Technical & Vocational Education) गरी व्यवहारिक, अनुसन्धान मुखी र सीपकेन्द्रित पाठ्यक्रम लागू गर्ने।

२) नवप्रवर्तन, प्रविधि र आधुनिक सिकाउ विधिहरू IT कृषि, इन्जिनियरिङ, स्वास्थ्य आदि क्षेत्रमा प्राविधिक शिक्षा विस्तार गर्ने।

३) रोजगारमुखी छोटो तथा दीर्घकालीन तालिमहरू उपलब्ध गराउने।

४) प्रतिस्पर्धात्मक परीक्षाका लागि तयारी र भाषा सीप विकास गर्ने।

५) शिक्षक तथा कर्मचारीको नियमित तालिम र अपडेट सुनिश्चित गर्ने।

६) श्रम बजारको माग अनुसार सीप र ज्ञान मिलाउने।

७) नयाँ सोच, प्रविधि र समाधान विकास गर्ने अभ्यास बढाउने ।

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ ।

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक,अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ ।

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

DRAFT

ङ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाउ उपलब्धिसँग आबद्ध गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भएको हुनेछ; र माध्यमिक तहका बालबालिकाहरू नवप्रवर्तन, सूचना प्रविधि (ICT) र स्थानीय बजारको माग अनुरूपको व्यावहारिक एवं सीपमूलक शिक्षामा दीक्षित भई प्रतिस्पर्धी मानव संशाधनका रूपमा तयार भएका हुनेछन्।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | 80% | 85% | 95% | 100% |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | 90% | 92% | 98% | 100% |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | 80% | 85% | 90% | 98% |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | 85% | 89% | 92% | 95% |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | 80% | 85% | 91% | 97% |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | 90% | 93% | 96% | 99% |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* | 80% | 85% | 92% | 97% |

| क.स. | सूचक | आधार वर्ष<br>२०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| | (%) | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | 87% | 90% | 95% | 99% |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | 82% | 86% | 90% | 95% |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | 87% | 90% | 93% | 97% |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | 65% | 70% | 80% | 85% |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | 75% | 80% | 82% | 90% |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | 75% | 80% | 87% | 90% |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | 90 | 92 | 95 | 97 |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | 96.1 | 90 | 96 | 98 |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | 75.6 | 78 | 82 | 86 |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | 1.0 | 1.1 | 1.2 | 1.2 |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | 5.7 | 4.7 | 3 | 2 |

DRAFT

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | 43.2 | 45 | 47 | 50 |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | 55.8 | 60 | 65 | 70 |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | 82.2 | 75 | 78 | 82 |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | 0.94 | 0.97 | 0.99 | 1.0 |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | 78.3 | 81 | 84 | 87 |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | 58.4 | 62 | 67 | 72 |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | 42.1 | 45 | 50 | 58 |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | 31.5 | 34 | 37 | 40 |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | 76.3 | 78 | 81 | 85 |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | 78.0 | 80 | 83 | 86 |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | 92.0 | 93 | 95 | 97 |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | 0.83 | 0.87 | .0.92 | 0.97 |
| ५. | सुशासन तथा व्यवस्थापन | | | | |

DRAFT

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | 85:1 | 70:1 | 70:1 | 60:1 |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | 80:1 | 75:1 | 64:1 | 54:1 |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | 83:1 | 75:1 | 64:1 | 54:1 |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | 109:1 | 85:1 | 75:1 | 65:1 |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | 150:1 | 140:1 | 120:1 | 100:1 |

## २.७ शिक्षा योजनाले समेट्ने पक्षहरू

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | • भौगोलिक पहुँच: विद्यालय र शैक्षिक संस्थानहरूका स्थान र त्यसको पहुँच।<br>• आर्थिक पहुँच: शैक्षिक शुल्क, सामाग्रीको लागत र विद्यार्थीका लागि वित्तीय सहयोगको उपलब्धता।<br>• सामाजिक पहुँच: विभिन्न समुदाय, जाति, र लिङ्गका विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने समान अवसर।<br>• संरचनात्मक पहुँच: विद्यालयको भौतिक संरचना, पूर्वाधार र शिक्षण साधनहरूको उपलब्धता।<br>• प्रविधिक पहुँच: डिजिटल शिक्षा र अनलाइन श्रोतहरूमा |

DRAFT

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | पहुँच।<br>• सामाजिक-भावनात्मक पहुँच: मानसिक स्वास्थ्य, समावेशी शिक्षा र विद्यार्थीहरूको भावनात्मक साक्षरता।<br><br>यी बिषयहरूले शिक्षा क्षेत्रमा पहुँच र समावेशिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ, जुन यस पालिकाले आफ्नो योजनामा समाबेश गरेको छ । |
| २ | गुणस्तर | • पाठ्यक्रम: पाठ्यक्रमको डिजाइन, सामग्री र सान्दर्भिकता।<br>• शिक्षण विधि: शिक्षकहरूको शिक्षण शैली, विधिहरू र शैक्षिक प्रविधिहरूको प्रयोग।<br>• शिक्षकको योग्यता: शिक्षकहरूको प्रशिक्षण, अनुभव र दक्षता।<br>• सामग्री र स्रोतहरू: पाठ्यपुस्तक, शैक्षिक सामाग्री र अन्य स्रोतहरूको गुणस्तर।<br>• मूल्यांकन प्रणाली: विद्यार्थीहरूको मूल्यांकन गर्ने तरिका र प्रक्रिया, जसले सिक्षाको प्रभावकारिता मापन गर्न मद्दत गर्दछ।<br>• सामाजिक समावेशिता: सबै विद्यार्थीका लागि समान अवसर र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने पहल।<br>• शिक्षा परिणाम: विद्यार्थीहरूको सिकाइ परिणाम, कौशल र ज्ञानको स्तर।<br><br>यी बिषयहरूले शिक्षा प्रणालीको गुणस्तरमा महत्वपूर्ण प्रभाव पार्छ, जुन यस पालिकाले आफ्नो योजनामा समाबेश गरेको छ । |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| ३ | व्यवस्थापन | • नीतिगत योजना: शिक्षा नीतिहरूको विकास र कार्यान्वयन।<br>• शिक्षण संस्थानको सञ्चालन: विद्यालय, कलेज र विश्वविद्यालयको प्रशासन र सञ्चालन।<br>• स्रोत व्यवस्थापन: वित्तीय, भौतिक र मानव संसाधनहरूको व्यवस्थापन।<br>• शिक्षक व्यवस्थापन: शिक्षकको भर्ती, तालिम, विकास र मूल्यांकन।<br>• विद्यार्थी व्यवस्थापन: विद्यार्थीको भर्ना, उपस्थिती र शैक्षिक प्रगति ट्र्याक गर्ने प्रक्रिया।<br>• सञ्चार र समन्वय: विद्यालय भित्र र बाहिरको सञ्चार र सम्बन्ध व्यवस्थापन।<br>• गुणस्तर मूल्यांकन: शिक्षा प्रणालीको गुणस्तर मापन र सुधारका उपायहरूको विकास।<br>• समावेशिता र विविधता: सबै विद्यार्थीको समान पहुँच र समावेशिताका लागि रणनीतिहरू।<br>• यी बिषयहरूले शिक्षा व्यवस्थापनमा प्रभावकारीता र पारदर्शिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले , यस पालिकाले शिक्षा योजनामा उक्त बिषयलाई गहन विश्लेषण गरि सामबेश गरेको छ । |
| ४ | क्षमता विकास | • सीप र ज्ञान: विद्यार्थीहरूको विशिष्ट सीप र ज्ञानको विकास, जसले उनीहरूलाई व्यावसायिक र व्यक्तिगत जीवनमा सफल बनाउन मद्दत गर्दछ।<br>• सामाजिक र भावनात्मक क्षमताहरू: सहकार्य, संचार, आत्म- |

DRAFT

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | प्रबंधन र समस्या समाधान जस्ता सामाजिक र भावनात्मक सीपहरूको विकास।<br>• **आत्मविश्वास र प्रेरणा**: विद्यार्थीहरूको आत्मविश्वास र आत्म-प्रेरणा बढाउने पहल र कार्यक्रम।<br>• **क्रियात्मक शिक्षा**: व्यावहारिक अनुभव र कार्यान्वयनमार्फत सिकाइमा सक्षम बनाउने विधिहरू।<br>• **प्रविधिक क्षमताहरू**: डिजिटल साक्षरता र प्रविधि प्रयोगका सीपहरूको विकास।<br>• **आलोचनात्मक सोच र रचनात्मकता**: विद्यार्थीलाई विश्लेषणात्मक सोच र रचनात्मक समाधानका लागि सक्षम बनाउने गतिविधिहरू।<br>• **समस्याको समाधान**: वास्तविक जीवनका समस्याहरूमा काम गर्ने र समाधान खोज्ने क्षमताको विकास।<br>• यिनै बिषयबस्तु लाइ बिस्लेशन गर्दै पालिकाले आफ्नो योजना निर्माण गरेको छ |
| ५ | मूल्याङ्कन | • **विद्यार्थीको प्रदर्शन**: विद्यार्थीहरूले कति राम्ररी पाठ्यक्रमको सामग्री सिकेका छन्, उनीहरूको परीक्षा परिणाम र कार्यहरूको मूल्याङ्कन।<br>• **शिक्षण विधिहरू**: शिक्षकहरूको शिक्षण पद्धति र तिनको प्रभावकारीता कसरि छ भन्ने कुराको विश्लेषण।<br>• **पाठ्यक्रमको उपयुक्तता**: पाठ्यक्रमले विद्यार्थीहरूको आवश्यकताहरू कत्तिको पूरा गर्छ र सान्दर्भिकता कस्तो छ।<br>• **मूल्यांकन विधि**: प्रयोग गरिएका मूल्यांकनका तरिका र प्रक्रियाहरू जस्तै), परीक्षण, परियोजना, प्रजेन्टेशनकत्तिको ( |

DRAFT

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | उचित छन्।<br>• **समाज र संस्कृति**: मूल्यांकन प्रक्रियाले समाजिक र सांस्कृतिक सन्दर्भलाई कत्तिको ध्यानमा राख्छ।<br>• **फिडब्याक प्रक्रिया**: विद्यार्थी र शिक्षकहरूका लागि फिडब्याकको महत्व र यसलाई कसरी सुधार गर्न सकिन्छ।<br>• **गुणस्तर मापन**: शिक्षा प्रणालीको गुणस्तर र प्रभावकारिताको मापन।<br>• **समावेशिता**: सबै विद्यार्थीको लागि मूल्यांकन प्रक्रिया कति समावेशी छ र यसले विविधता कसरी समेट्छ। |
| ६ | सुशासन | शिक्षा योजना निर्माण गर्दा सुशासनको अवधारणा विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ, किनकि सुशासनले योजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, सहभागीता, प्रभावकारिता, र कानुनी राज्यको सिद्धान्त सुनिश्चित गर्दछ। सुशासनको दृष्टिकोणले शिक्षा योजनालाई प्रभावकारी र दिगो बनाउन मद्दत गर्छ। सुशासनका मुख्य पक्षहरू:<br><br>• **पारदर्शिता (Transparency):**योजना निर्माण र कार्यान्वयनको प्रत्येक चरणमा खुलापन, सार्वजनिक जानकारीको पहुँच, र निर्णय प्रक्रियामा स्पष्टता हुनुपर्छ।<br>• **उत्तरदायित्व (Accountability):**शिक्षा क्षेत्रमा संलग्न निकायहरूलाई आफ्नो जिम्मेवारी बुझाउन र कामको प्रतिफलका लागि जवाफदेही बनाउन आवश्यक छ।<br>• **जनसहभागिता (Participation):** |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | योजना निर्माणमा विभिन्न सरोकारवालाहरू (विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय)को सहभागिता सुनिश्चित गर्नु पर्छ। यसले योजना जनउत्तरदायी र व्यवहारिक हुन्छ।<br><br>• **समावेशिता (Inclusiveness):**योजना सबै वर्ग, समुदाय, लिंग र क्षेत्रका व्यक्तिहरूको पहुँच योग्य र समावेशी हुनुपर्छ।<br>• **कानुनी राज्य (Rule of Law):**शिक्षा योजनामा कानुनको पालना, नीति र कानुनी मापदण्ड अनुसार काम गरिनुपर्छ, जसले अधिकारहरूको रक्षा र शिक्षाको गुणस्तर सुनिश्चित गर्छ।<br>• **प्रभावकारिता (Effectiveness):**शिक्षा योजनाले आफ्ना लक्ष्यहरू प्राप्त गर्न सक्षमता र स्रोतहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्छ। |

DRAFT

## परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

गरुडा नगरपालिकामा हाल जम्मा ५० वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ३२ संस्थागत विद्यालयतर्फ १९ केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल ३९२९ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये २३०० जना छात्र र जना १६२९ छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्या ५००० रहेको आधारमा सहजै देखिने भर्नादर ७८.५८ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या ३९२९ रहेको छ । यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ३४७० प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र

कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या ३२०(८.१४ प्रतिशत), जनजाति बालबालिकाको संख्या ८० (२ प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको संख्या १६ रहेको छ । यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या १९ रहेको छ, जुन कुल संस्थागत विद्यालयको ९०.४७ प्रतिशत हो । न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन् । हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ ।

समग्रमा हेर्दा गरुडा नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकार** | **संख्या** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| सामुदायिक | ३१ | ४६७ | ५०३ | ९७० | ७८ | ७२ | १५० | ११ | ८ | १९ |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्थागत | १९ | १७७९ | ११०८ | २८८७ | १११ | ५९ | १७० | ० | ० | ० |
| जम्मा | ५० | ४२४६ | १६११ | ३७९४ | १८९ | १३१ | ३२० | ११ | ८ | १९ |

गरूडा नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ।हाल गरूडा नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमीदेखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य– दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

DRAFT

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी  क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने ।

क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।

ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने ।

ग) लागत सहभागिता अभिवृद्धि गर्ने ।

घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

ङ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने ।

च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने ।

छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने ।

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने ।

झ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धिः** गरूडा नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ । यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्ने छन् जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य (योजना अवधिको अन्त्यसम्म) |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाको तथ्याङ्क अद्यावधिक तथा बालबालिका पहिचान | लक्षित उमेर समूहका १००% बालबालिकाको विवरण अद्यावधिक |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा भर्ना अभियान सञ्चालन | ४–५ वर्ष उमेर समूहका १००% बालबालिकाको भर्ना सुनिश्चित |
| ३ | बालविकास केन्द्रको पहुँच नपुगेका क्षेत्रमा नयाँ केन्द्र स्थापना वा सेवा विस्तार | आवश्यकता अनुसार सबै वडामा पहुँच सुनिश्चित |
| ४ | प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम सक्षमता मापदण्ड कार्यान्वयन | १००% केन्द्रमा न्यूनतम सक्षमता मापदण्ड लागू |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो ) | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुसार मापदण्ड पूरा (२०७५संसोधन भएको | | | | | | | |
| २ | शैक्षिक सामाग्री निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित क्षमता विकास तालिम | पटक | | | | | | |
| ४ | प्रारम्भिक बालविकास तथा शैक्षिक शिक्षाकेन्द्रहरुको नक्शाङ्कन र पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | |
| ५ | बालबालिकाको अभिलेखिकरण | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | |
| ६ | गर्भवती र नवजात शिशु स्वास्थ्य तथा पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | |
| ७ | सिकाइ क्रियाकलाप सहजीकरणमा आवश्यकता परेमा मातृभाषालाई प्राथमिकता दिई सिकाइ निरन्तरता | संख्या | १ | १ | १ | १ | १ | |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | १ | १ | १ | १ | |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | |
| १० | अभिभावक शिक्षा | निरन्तर | १ | १ | १ | १ | १ | |
| ११ | अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना | निरन्तर | १ | १ | १ | १ | १ | |
| १२ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | वालविकासको पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | |
| १४ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |
| १५ | सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | |
| १६ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १७ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | पटक | १ | १ | १ | १ | १ | |
| १८ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| १९ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | |
| २० | परिवार, समुदाय, निजी क्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | १ | १ | १ | १ | १ | |
| २१ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा वालविकासको तथ्याकं व्यस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | |

DRAFT

### ३.२ आधारभूत शिक्षा

#### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ । यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई १–८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ । नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो । त्यसैगरीअनिवार्य तथा निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत–साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ । यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन् ।

#### ३.२.२ वर्तमान अवस्था

गरुडा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ११,१८६, शिक्षक दरबन्दी १३४ र शिक्षक–विद्यार्थी अनुपात ८३:१ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित १७३७ जनजाति १२७ र अपाङ्गता भएका बालबालिका १९ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा ४६ शौचालय १३ खानेपानी २८, खेलमैदान ५ र सूचना तथा सञ्चार प्रविधि ५६ पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा विद्यार्थी संख्या ६६०६ शिक्षक दरबन्दी १९२ र शिक्षक–विद्यार्थी अनुपात १:३४ रहेको छ। दलित २०१ जनजाति १५० र अपाङ्गता भएका

बालबालिका १० लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। विद्यालय पूर्वाधार, जस्तै कक्षा कोठा ५०  शौचालय १७  खानेपानी ११ खेलमैदान ६ र सूचना तथा सञ्चार प्रविधि ३२ केही संस्थागत विद्यालयमा पर्याप्त छैन। यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ।

**तालिका २**

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १६ | ५१६४ | ६०२२ | १११८६ | ८९९ | ८३८ | १७३७ | १७ | १४ | ३१ |
| संस्थागत | १० | ४३७२ | २२३४ | ६६०६ | १४३ | ५८ | २०१ | ६ | ४ | १० |
| जम्मा | २६ | ९५३६ | ८२५६ | १७७९२ | १०३२ | ८९६ | १९३८ | २३ | १८ | ४१ |

गरूडा नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । गरूडा नगरपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन् । सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ । विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु ।

DRAFT

ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु ।

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने ।

ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने ।

घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने ।

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने ।

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने ।

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने ।

ज) शिक्षण– सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने ।

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

ट) मूल्याङ्कनलाई शिक्षण– सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउन ।

ठ) कक्षा कोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने ।

DRAFT

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री विधि तथा क्रियाकलापमा सुधार गर्ने ।

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने।

त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने ।

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने ।

न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने ।

ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने ।

प) विद्यालयहरूमा खानेपानी, शौ चालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने ।

ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने ।

भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने ।

य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।

र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक– सांस्कृतिक विविधताको सम्मान गर्ने। विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

ऱ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य (योजना अवधिको |
|---|---|---|

DRAFT

| | | |
|---|---|---|
| | | **अन्त्यसम्म)** |
| १ | विद्यालय उमेरका सबै बालबालिकाको पहिचान तथा भर्ना अभियान सञ्चालन | १००% बालबालिका विद्यालयमा भर्ना |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको पूनःभर्ना कार्यक्रम सञ्चालन | विद्यालय बाहिरका बालबालिका शून्य |
| ३ | निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनसम्बन्धी स्थानीय नीति तथा कार्यविधि निर्माण | आवश्यक सबै कानुनी व्यवस्था लागू |
| ४ | विद्यालय नक्साङ्कन तथा शैक्षिक पहुँच विश्लेषण | सबै वडामा समतामूलक पहुँच सुनिश्चित |
| ५ | शिक्षक दरबन्दी पुनर्वितरण तथा व्यवस्थापन | विषयगत शिक्षक अभाव १००% समाधान |
| ६ | आधारभूत कक्षा (१–३) शिक्षण सुधार कार्यक्रम सञ्चालन | सबै विद्यालयमा प्रभावकारी कार्यान्वयन |

**क) उपलब्धि**

गरुडा नगरपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ । यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ । आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ । सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ८६ प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|
| १ | विद्यालय उमेरका सबै बालबालिकाको पहिचान गरी भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने | आधारभूत तहमा खुद भर्नादर १०० प्रतिशत पुर्‍याउने |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने | विद्यालय बाहिर रहेका बालबालिकाको संख्या शून्यमा झार्ने |
| ३ | निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक नीति, कार्यविधि तथा अनुगमन प्रणाली विकास गर्ने | अनिवार्य शिक्षासम्बन्धी स्थानीय व्यवस्था पूर्ण कार्यान्वयन |
| ४ | विद्यालय नक्साङ्कन तथा शैक्षिक पहुँच विश्लेषण गरी विद्यालय व्यवस्थापन सुधार गर्ने | सबै बालबालिकाको पहुँचभित्र विद्यालय सेवा सुनिश्चित गर्ने |
| ५ | शिक्षक दरबन्दी मिलान तथा विषयगत शिक्षक व्यवस्थापन गर्ने | शिक्षक अभाव भएका विद्यालयमा १०० प्रतिशत व्यवस्थापन |
| ६ | आधारभूत कक्षा (१–३) शिक्षण सुधार कार्यक्रम कार्यान्वयन गर्ने | सबै विद्यालयमा आधारभूत कक्षा शिक्षण प्रभावकारी बनाउने |
| ७ | शिक्षकहरूको पेशागत क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने | १०० प्रतिशत शिक्षकलाई नियमित तालिम प्रदान गर्ने |
| ८ | विद्यार्थीकेन्द्रित क्रियाकलापमा आधारित तथा व्यवहारिक शिक्षण सिकाइ पद्धति लागू गर्ने | सबै विद्यालयमा प्रभावकारी शिक्षण सिकाइ अभ्यास सुनिश्चित गर्ने |

DRAFT

| | | |
|---|---|---|
| ९ | नियमित सिकाइ उपलब्धि  परीक्षण तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने | आधारभूत  तहको सिकाइ उपलब्धि ८६ प्रतिशत पुर्‍याउने |
| १० | कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्ने | सबै विद्यालयमा  प्रभावकारी मूल्याङ्कन प्रणाली लागू गर्ने |

| **क्र. सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (पहिलो ५ वर्ष)** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास  (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, | वटा | १ | १ | १ | १ | १ | | |

DRAFT

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खेलमैदान, घेराबारा, खाजा घर) | | | | | | | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | | |
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (वहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | | |

DRAFT

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्थानशील् बनाउने योजना तयार गरी कार्यान्वयन | | | | | | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| १० | शिक्षक पेशागत सहायता प्रणालीको विकास | निरन्तर | | नि | नि | नि | नि | नि | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाहरूका लागि ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

DRAFT

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | बालमैत्री कक्षा कोठा तथा सिकाइ सामग्रीको व्यवस्थापन | विद्यालय | | | | | | | |
| १५ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| १६ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १ | |
| १७ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |

DRAFT

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| १९ | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| २० | वार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| २१ | विद्यालय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| २२ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| २३ | शैक्षिक सुशासन कायम गर्नका लागि | पटक | १ | १ | १ | १ | १ | १ | |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छलफल तथा अन्तरक्रिया | | | | | | | | | |
| २४ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | | | | | | | | |

DRAFT

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवात गरिएको छ ।यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

गरुडा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ३२९७ शिक्षक दरबन्दी २२ र शिक्षक– विद्यार्थी अनुपात १:१५० रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ३५७ जनजाति १०२ र अपाङ्गता भएका बालबालिका २२ रहेका छन् । केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा २२ शौचालय १५ खानेपानी ५ खेलमैदान ३ र सूचना तथा सञ्चार प्रविधि ५ पर्याप्त छैन । यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी

DRAFT

वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी संख्या ३१३ शिक्षक दरबन्दी ४ र शिक्षक–विद्यार्थी अनुपात १:७८ _रहेको छ। दलित ७ जनजाति ४ र अपाङ्गता भएका बालबालिका २ लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। विद्यालय पूर्वाधार, जस्तै कक्षा कोठा २ शौचालय ४ खानेपानी ३ खेलमैदान २ र सूचना तथा सञ्चार प्रविधि २ केही संस्थागत विद्यालयमा पर्याप्त छैन । यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ७ | १७१६ | १५७९ | ३२९५ | १८२ | १३५ | ३१७ | ९ | ७ | १६ |
| संस्थागत | ४ | १०७ | २०६ | ३१३ | ६ | ३ | ९ | २ | ० | २ |
| जम्मा | ११ | १८२३ | १७८५ | ३६०८ | १८८ | १३८ | १२६ | ११ | ७ | १८ |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको गरुडा नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ।नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ । विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भने केही विद्यालय पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।

३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने ।

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने ।

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने ।

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने ।

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने ।

ठ) शिक्षण– सिकाइ पद्धतिमा सुधार गर्ने ।

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य– दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने ।

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने ।

DRAFT

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने ।

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने ।

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने ।

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने ।

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने ।

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने ।

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने ।

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|
| १ | माध्यमिक तहमा भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन | माध्यमिक तहको खुद भर्नादर ९५ |

| | | |
|---|---|---|
| | गर्ने | प्रतिशतभन्दा माथि पुर्‍याउने |
| २ | विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका किशोरकिशोरीहरूको पहिचान गरी शिक्षामा समावेश गर्ने | विद्यालय बाहिरका किशोरकिशोरीको संख्या न्यूनतम बनाउने |
| ३ | आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने | लक्षित समूहको समान पहुँच सुनिश्चित गर्ने |
| ४ | माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार तथा न्यूनतम मापदण्ड पूरा गराउने | १०० प्रतिशत माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गर्ने |
| ५ | विषयगत शिक्षकको व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | १०० प्रतिशत शिक्षकलाई विषयगत तथा पेशागत तालिम प्रदान गर्ने |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ विस्तार गर्ने | सबै माध्यमिक विद्यालयमा ICT को प्रयोग सुनिश्चित गर्ने |
| ७ | विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयको सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्ने | सिकाइ उपलब्धिमा निरन्तर वृद्धि गर्ने |
| ८ | नियमित सिकाइ उपलब्धि परीक्षण तथा सुधारात्मक शिक्षण कार्यक्रम सञ्चालन गर्ने | माध्यमिक तहको सिकाइ उपलब्धि ८५ प्रतिशतभन्दा माथि पुर्‍याउने |
| ९ | विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा डिजिटल सिकाइ स्रोतको विकास गर्ने | सबै माध्यमिक विद्यालयमा आवश्यक शैक्षिक स्रोत उपलब्ध |

DRAFT

| | | |
|---|---|---|
| | | गराउने |

| क्र स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार यातायातको व्यवस्था तथा  खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक | पटक | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबन्ध गर्ने | | | | | | | | | |
| ४ | सरोकार सम्बद्ध पक्षहरुका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |
| ५ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | वटा | | | | | | | | |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण, प्र.अ तथा शिक्षकलाई सहयोग | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |
| ९ | बाल समुह, स्काउट, टिन्स क्लव गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १० | विव्यस, पिटीए पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ११ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | जना | १ | १ | १ | १ | १ | १ | १ | |
| १२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १३ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा | आवश्यकता अनुसार | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | | | | | |
| १४ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | जना | १ | १ | १ | १ | १ | १ | १ | |
| १५ | उत्कृष्ट विद्यालयहरूलाई सम्मान कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| १६ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| १७ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| १८ | शिक्षकको पेशागत सहयोगका लागि आवश्यक संयन्त्र निर्माण तथा क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | | |

DRAFT

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |
| २० | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

### ३.४.१ परिचय..

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो।यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन।आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ।निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो

DRAFT

विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ । नगरपालिकामा ३ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ । विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ।सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ।औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ । केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। मदरसा, गुरुकुल, वैकल्पिक संस्थाहरूको समन्वय रस्रोत सुदृढीकरणआवश्यकरहेकोप्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु ।

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु ।

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यम बाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु ।

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने ।

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने ।

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने ।

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वय नगरी नगरस्तरीय पुस्तका लयसञ्जाल निर्माण गर्ने ।

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने ।

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने ।

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने ।

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने ।

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने ।

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने ।

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने ।

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने ।

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने ।

थ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|
| १ | निरक्षर नागरिकहरूको पहिचान तथा साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने | निरक्षर नागरिकको यथार्थ विवरण तयार गर्ने |
| २ | वयस्क साक्षरता तथा आधारभूत साक्षरता कक्षा सञ्चालन गर्ने | सबै निरक्षर नागरिकलाई साक्षरताको अवसर प्रदान गर्ने |
| ३ | महिलाहरू, दलित, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि विशेष साक्षरता कार्यक्रम सञ्चालन गर्ने | लक्षित समूहको साक्षरता दरमा उल्लेखनीय वृद्धि गर्ने |
| ४ | सामुदायिक सिकाइ केन्द्र (CLC) को सुदृढीकरण तथा प्रभावकारी सञ्चालन गर्ने | सबै वडामा आवश्यकता अनुसार सिकाइ अवसर विस्तार गर्ने |

DRAFT

| | | |
|---|---|---|
| ५ | निरन्तर शिक्षा तथा उत्तर साक्षरता कार्यक्रम सञ्चालन गर्ने | साक्षर बनेका व्यक्तिहरूको सिकाइ निरन्तरता सुनिश्चित गर्ने |
| ६ | जीवनोपयोगी, आयआर्जन तथा सीपमूलक तालिम सञ्चालन गर्ने | वार्षिक रूपमा लक्षित नागरिकलाई सीप विकास अवसर उपलब्ध गराउने |
| ७ | डिजिटल साक्षरता तथा सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने | युवाहरू तथा वयस्कहरूको डिजिटल साक्षरता अभिवृद्धि गर्ने |
| ८ | पुस्तकालय, वाचनालय तथा अध्ययन केन्द्रको विकास गर्ने | समुदायमा अध्ययन संस्कृतिको प्रवर्द्धन गर्ने |
| ९ | वित्तीय साक्षरता, स्वास्थ्य शिक्षा, वातावरण तथा नागरिक चेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | जीवनोपयोगी ज्ञान र व्यवहारमा सुधार ल्याउने |
| १० | स्थानीय ज्ञान, सीप, भाषा, कला तथा संस्कृतिमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने | स्थानीय ज्ञान र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने |

DRAFT

| **क्र स** | **प्रमुख क्रियाकलापहरु** | **एकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| १ | साक्षरता र निरन्तर शिक्षा सम्बन्धी कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | | |
| २ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्थापन | निरन्तर | नि | नि | नि | नि | नि | नि | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ५ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | वटा | १ | १ | १ | १ | १ | | |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई सक्षरता र आयआर्जन कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | | |

DRAFT

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम– निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.२ वर्तमान अवस्था

गरुडा नगरपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू नभएको अवस्थालाई नगरपालिकाले कमजोरीका रूपमा स्वीकार गरेको छ । यसलाई सुधार्न नगरपालिका स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष पाठ्यक्रमसँग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिप समेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

नगरपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी गरुडा नगरपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु ।

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु ।

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

गरुडा नगरपालिकामा पाठ्यक्रम तथा सिकाइ व्यवस्थापनको क्षेत्रमा २०९२ सम्ममा निम्न उपलब्धि हासिल गरिनेछ:

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार सबै तह र विषयमा पूर्ण रूपमा पाठ्यक्रम कार्यान्वयन भएको।
- सबै तहका विद्यार्थीले समयमै पाठ्यपुस्तक तथा सिकाइ सामग्री पाएको र उपयोग गरेको।
- सहभागितामूलक, खोजमूलक र विद्यार्थीकेन्द्रित शिक्षण विधि सबै विद्यालयमा संस्थागत भएको।
- न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीको अनुपात उल्लेखनीय रूपमा वृद्धि भएको।
- गरुडा नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास, अनुमोदन र कार्यान्वयन भएको।
- मातृभाषा तथा स्थानीय भाषामा सिकाइ सामग्री उपलब्ध भई प्रयोगमा आएको।
- सबै विद्यालयमा ICT उपकरण र डिजिटल सिकाइ सामग्री प्रयोगमा आएको।
- विपद्/महामारी अवस्थामा निरन्तर सिकाइ सुनिश्चित गर्ने वैकल्पिक प्रणाली सञ्चालनमा आएको।

**ख) नतिजा**

यी उपलब्धिहरूले निम्न दीर्घकालीन नतिजा दिनेछन्:

- विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय परीक्षा र मूल्याङ्कनमा सुधार आउनेछ।
- स्थानीय पाठ्यक्रमले विद्यार्थीमा स्थानीय पहिचान, संस्कृति र व्यावहारिक जीवनसीपको बोध बढाउनेछ।
- विद्यार्थीकेन्द्रित शिक्षण विधिले सिकाइमा रुचि, उपस्थिति र टिकाउ दर बढाउनेछ।
- शिक्षकको पेसागत दक्षता र सन्तुष्टि बढ्दै सिकाइको गुणस्तरमा सुधार आउनेछ।
- ICT प्रयोगले विद्यार्थीलाई डिजिटल साक्षर बनाई भविष्यका अवसरमा प्रतिस्पर्धी बनाउनेछ।

• सहपाठी सिकाइ र सहयोग पद्धतिले कमजोर विद्यार्थीको सिकाइ खाडल घटाउनेछ।

### ग) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

तलको तालिकामा पाठ्यक्रम तथा सिकाइ क्षेत्रका प्रमुख क्रियाकलाप, जिम्मेवार निकाय र आधार वर्ष (२०८२) देखि २०९२ सम्मका लक्ष्यहरू उल्लेख गरिएका छन्। यी क्रियाकलापहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, SESP र गरुडा नगरपालिकाको वार्षिक योजनासँग अनुरूप छन्।

| क्र.स. | प्रमुख क्रियाकलाप | जिम्मेवार निकाय | आधार वर्ष (२०८२) | लक्ष्य २०८४ | लक्ष्य २०८७ | लक्ष्य २०९२ |
|---|---|---|---|---|---|---|
| **क. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन** | | | | | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार सबै तहका विषय-शिक्षक अभिमुखीकरण तालिम | EDCU / नगरपालिका | [हाल %] | १००.००% | १००.००% | १००.००% |
| २ | पाठ्यपुस्तक तथा सहायक सिकाइ सामग्री समयमै वितरण सुनिश्चित | नगरपालिका / विद्यालय | [हाल %] | १००.००% | १००.००% | १००.००% |
| ३ | शिक्षक निर्देशिका, स्रोत सामग्री तथा सन्दर्भ पुस्तकहरू सबै विद्यालयमा उपलब्ध | EDU / विद्यालय | [हाल %] | ८०.००% | ९०.००% | १००.००% |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | विपद्/महामारी अवस्थामा वैकल्पिक शिक्षण (रेडियो, TV , अनलाइन, स्वाध्यायन) प्रणाली तयार र कार्यान्वयन | नगरपालिका / विद्यालय | — | योजना | कार्यान्वयन | नियमित |
| **ख. शिक्षण विधि सुधार तथा विद्यार्थीकेन्द्रित सिकाइ** | | | | | | |
| १ | सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या-समाधानकेन्द्रित शिक्षण विधि प्रयोग संस्थागत | विद्यालय / शिक्षक | — | ५०% विद्यालय | ८०.००% | १००.००% |
| २ | सहपाठी सिकाइ समूह गठन, कमजोर विद्यार्थीलाई सहयोग | विद्यालय | — | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ३ | विद्यालयमा आधारित सहयोग पद्धति, विकास र सञ्चालन | विद्यालय / EDCU | — | ५०.००% | ८०.००% | १००.००% |
| ४ | शिक्षण-सिकाइमा ICT प्रयोग विस्तार (प्रोजेक्टर, | नगरपालिका / विद्यालय | [हाल %] | ५०.००% | ७५.००% | १००.००% |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ट्याब्लेट, डिजिटल सामग्री) | | | | | |
| **ग. शिक्षकको पेसागत सक्षमता विकास** | | | | | | |
| १ | विषयगत तथा पाठ्यक्रम केन्द्रित शिक्षक तालिम (आधारभूत र पुनर्ताजगी) | ETC / नगरपालिका | [हाल %] | १००.००% | १००.००% | १००.००% |
| २ | विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षक वृत्ति विकाससँग आबद्ध गर्ने प्रणाली विकास | नगरपालिका / ETC | — | मस्यौदा | कार्यान्वयन | नियमित |
| ३ | शिक्षक विकास तथा सहायता प्रणाली व्यवस्थित र नियमित सञ्चालन | ETC, EDCU | — | नीति | सञ्चालन | सुदृढ |
| **घ. सिकाइ मूल्याङ्कन प्रणाली सुधार** | | | | | | |
| १ | कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन नियमित र व्यवस्थित सञ्चालन | विद्यालय / शिक्षक, ETC | [हाल %] | १००.००% | १००.००% | १००.००% |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | न्यूनतम सिकाइ उपलब्धि आवधिक परीक्षण कक्षा ३, ५, ८ मा | EDCU / ETC विद्यालय | — | वार्षिक | वार्षिक | वार्षिक |
| ३ | मूल्याङ्कन नतिजाका आधारमा सुधारात्मक शिक्षण कार्यक्रम | विद्यालय / शिक्षक | — | कार्यान्वयन | विस्तार | नियमित |
| **ङ. स्थानीय पाठ्यक्रम तथा मातृभाषा शिक्षा** | | | | | | |
| १ | गरुडा नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास र अनुमोदन | नगरपालिका / CDC | — | मस्यौदा | अनुमोदन | कार्यान्वयन |
| २ | स्थानीय पाठ्यक्रम अनुसार पाठ्यसामग्री (स्थानीय इतिहास, संस्कृति, उद्योग) विकास | नगरपालिका / शिक्षक | — | — | मस्यौदा | वितरण |
| ३ | मातृभाषा शिक्षाका लागि शिक्षक तयारी र सामग्री उपलब्धता सुनिश्चित | नगरपालिका / ETC | [हाल] | सर्वेक्षण | कार्यान्वयन | विस्तार |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक क्षमता विकास | ETC / नगरपालिका | — | — | तालिम | नियमित |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तालिम | | | | | |
| **च. अनुगमन, मूल्याङ्कन र जवाफदेहिता** | | | | | | |
| १ | पाठ्यक्रम कार्यान्वयन अनुगमन भ्रमण तथा कक्षा अवलोकन नियमित सञ्चालन | E TC / नगरपालिका | — | त्रैमासिक | त्रैमासिक | त्रैमासिक |
| २ | IEMIS मा सिकाइ उपलब्धि तथा पाठ्यक्रम कार्यान्वयन तथ्याङ्क समयमै अद्यावधिक | विद्यालय / नगरपालिका | — | १००.००% | १००.००% | १००.००% |
| ३ | वार्षिक पाठ्यक्रम कार्यान्वयन प्रगति प्रतिवेदन तयार र सार्वजनिकीकरण | नगरपालिका | — | वार्षिक | वार्षिक | वार्षिक |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षणसिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ।

प्राथमिक तहमा शिक्षक–विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास नगरपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण–सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ

### ४.२.२ वर्तमान अवस्था

गरुडा नगरपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि नगरपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

४.२.४ **रणनीतिहरू**

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

DRAFT

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

- विद्यालयहरूमा विषयगत तथा तहगत रूपमा आवश्यक शिक्षकको उपलब्धता सुनिश्चित भएको हुनेछ।
- शिक्षक तथा प्रधानाध्यापकको पेशागत दक्षता, नेतृत्व क्षमता र कार्यसम्पादनमा सुधार आएको हुनेछ।
- शिक्षकको नियमितता, जवाफदेहिता र कक्षाकोठा शिक्षण प्रभावकारी भएको हुनेछ।
- विद्यार्थीको सिकाइ उपलब्धिमा गुणात्मक सुधार भएको हुनेछ।
- ICT तथा आधुनिक शिक्षण विधिको प्रयोगमा वृद्धि भएको हुनेछ।
- शिक्षक व्यवस्थापन प्रणाली पारदर्शी, उत्तरदायी र नतिजामुखी बनेको हुनेछ।

**ग) नतिजा**

1. सबै विद्यालयमा विषयगत तथा तहगत शिक्षक दरबन्दी मिलान भएको।
2. रिक्त दरबन्दीमा समयमै शिक्षक व्यवस्थापन भएको।
3. शिक्षक तथा प्रधानाध्यापकको नियमित पेशागत विकास कार्यक्रम सञ्चालन भएको।
4. ICT आधारित शिक्षण सिकाइ प्रणाली विस्तार भएको।
5. शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू भएको।

6. उत्कृष्ट शिक्षक तथा प्रधानाध्यापकलाई प्रोत्साहन प्रणाली स्थापना भएको।
7. विद्यालय नेतृत्व र व्यवस्थापन क्षमता अभिवृद्धि भएको।
8. विद्यार्थी सिकाइ उपलब्धिमा निरन्तर सुधार भएको।

**घ) प्रमुख क्रियाकलाप तथा लक्ष्य:**

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **१० वर्षे लक्ष्य** |
|---|---|---|
| १ | विद्यालयगत शिक्षक दरबन्दी अध्ययन तथा मिलान | १००% विद्यालयमा दरबन्दी मिलान |
| २ | रिक्त शिक्षक पदमा शिक्षक व्यवस्थापन | सबै रिक्त पद ६ महिनाभित्र पूर्ति |
| ३ | शिक्षक पेशागत विकास तालिम सञ्चालन | १००% शिक्षकलाई वार्षिक कम्तीमा १ तालिम |
| ४ | विषयगत शिक्षक सञ्जाल गठन तथा सञ्चालन | सबै विषयमा शिक्षक सञ्जाल गठन |
| ५ | शिक्षक सिकाइ समूह (Teacher Learning Circle) सञ्चालन | १००% विद्यालयमा कार्यान्वयन |
| ६ | ICT तथा डिजिटल शिक्षण तालिम | ९०% शिक्षक ICT दक्ष |
| ७ | स्मार्ट बोर्ड तथा डिजिटल सामग्री प्रयोग विस्तार | ८०% माध्यमिक विद्यालयमा प्रयोग |
| ८ | प्रधानाध्यापक नेतृत्व विकास तालिम | १००% प्रधानाध्यापक प्रशिक्षित |
| ९ | शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू | सबै विद्यालयमा लागू |

DRAFT

| | | |
|---|---|---|
| १० | उत्कृष्ट शिक्षक सम्मान तथा पुरस्कार कार्यक्रम | वार्षिक रूपमा सञ्चालन |
| ११ | नवप्रवेशी शिक्षक अभिमुखीकरण कार्यक्रम | १००% नवप्रवेशी शिक्षक सहभागी |
| १२ | शिक्षक उपस्थिति तथा नियमितता अनुगमन | शिक्षक उपस्थितिदर ९५% पुऱ्याउने |
| १३ | कक्षा अवलोकन तथा सुपरिवेक्षण | प्रत्येक शिक्षकको वर्षमा कम्तीमा २ पटक अवलोकन |
| १४ | विद्यालय व्यवस्थापन तथा लेखा तालिम | १००% प्रधानाध्यापक सहभागी |
| १५ | शिक्षक व्यवस्थापन प्रणालीको अनुगमन तथा मूल्याङ्कन | वार्षिक समीक्षा प्रतिवेदन तयार |
| १६ | विद्यार्थी सिकाइ उपलब्धिसँग जोडिएको शिक्षक मूल्याङ्कन | सबै विद्यालयमा लागू |
| १७ | योग्यता र अनुभवमा आधारित प्रधानाध्यापक छनोट प्रणाली | १००% कार्यान्वयन |
| १८ | मेन्टरिङ तथा कोचिङ कार्यक्रम सञ्चालन | ८०% शिक्षक लाभान्वित |
| १९ | स्रोत शिक्षक तथा विज्ञ समूह परिचालन | सबै वडामा व्यवस्था |
| २० | शिक्षक विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन | प्रत्येक २ वर्षमा अध्ययन |

DRAFT

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

गरुडा नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकामा हाल करिब २३ वटा सामुदायिक विद्यालय र २१ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब २५,९९० जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या करिब ४६.३४ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको संख्या करिब १५ प्रतिशत रहेको अनुमान छ।

नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म करिब १२,२२५ जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब १२५ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ ।

DRAFT

विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा, गरुडा नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।

### ४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु ।

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन÷ वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

**४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

क) अपेक्षित **उपलब्धी**

- सबै बालबालिकाको शिक्षामा समान, सुरक्षित तथा गुणस्तरीय पहुँच सुनिश्चित भएको हुनेछ।
- वञ्चित, सीमान्तकृत, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका तथा आर्थिक रूपमा कमजोर बालबालिकाको विद्यालय सहभागिता वृद्धि भएको हुनेछ।
- विद्यालयमा हुने जातीय, लैङ्गिक, भाषिक, आर्थिक तथा अन्य सबै प्रकारका विभेद न्यूनीकरण भएको हुनेछ।
- विद्यालयहरू समावेशी, बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री वातावरणयुक्त बनेका हुनेछन्।
- किशोरी तथा संवेदनशील समूहका बालबालिकाको सुरक्षा, सम्मान र संरक्षण सुनिश्चित भएको हुनेछ।

**ख) नतिजा**

1. विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच तथा सहभागिता वृद्धि भएको।
2. विद्यालयमा हुने विभेद, हिंसा तथा दुर्व्यवहारका घटनामा उल्लेखनीय कमी आएको।

3. सबै विद्यालयमा समावेशी तथा लैङ्गिकमैत्री वातावरण स्थापना भएको।
4. अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहयोग तथा सुविधा उपलब्ध भएको।
5. छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको।
6. गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको।
7. किशोरी तथा जोखिममा रहेका बालबालिकाको विद्यालय निरन्तरतामा सुधार आएको।
8. विद्यालय व्यवस्थापन तथा समुदायमा समावेशी शिक्षाप्रतिको सकारात्मक सोच विकास भएको।

ङ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | १० वर्षे लक्ष्य |
|---|---|---|
| १ | विभेद अन्त्य सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन | १००% विद्यालयमा वार्षिक सञ्चालन |
| २ | शिक्षक, विद्यार्थी तथा अभिभावकलाई समावेशी शिक्षा तालिम | १००% विद्यालयमा कार्यान्वयन |
| ३ | विद्यालयका सबै गतिविधिमा समान सहभागिता सुनिश्चित गर्ने | सबै विद्यालयमा लागू |
| ४ | जेन्डर फोकल पर्सन वा गुनासो अधिकारी नियुक्ति | १००% विद्यालयमा व्यवस्था |
| ५ | गुनासो पेटिका स्थापना तथा सञ्चालन | १००% विद्यालयमा स्थापना |
| ६ | गुनासो सुनुवाइ तथा समाधान संयन्त्र विकास | सबै विद्यालयमा कार्यान्वयन |
| ७ | अपाङ्गमैत्री शौचालय निर्माण | १००% विद्यालयमा उपलब्ध |
| ८ | र्याम्प तथा पहुँचयुक्त संरचना निर्माण | १००% विद्यालयमा निर्माण |
| ९ | सुरक्षित तथा लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन | १००% विद्यालयमा व्यवस्था |

| | | |
|---|---|---|
| १० | घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान | प्रत्येक २ वर्षमा अद्यावधिक |
| ११ | बालबालिका तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना | सम्पूर्ण विद्यालयमा लागू |
| १२ | विशेष आवश्यकता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन | आवश्यक सबै विद्यालयमा व्यवस्था |
| १३ | सहायक सामग्री तथा सहयोगी सेवा उपलब्ध गराउने | लक्षित १००% विद्यार्थीलाई सेवा |
| १४ | छात्रवृत्ति तथा लक्षित सहायता कार्यक्रम सञ्चालन | लक्षित सबै विद्यार्थी लाभान्वित |
| १५ | किशोरी सशक्तीकरण तथा लैङ्गिक समानता कार्यक्रम सञ्चालन | वार्षिक रूपमा सबै माध्यमिक विद्यालयमा |
| १६ | विद्यालय हिंसा तथा दुर्व्यवहार न्यूनीकरण कार्यक्रम सञ्चालन | १००% विद्यालयमा लागू |
| १७ | बाल संरक्षण तथा सुरक्षित विद्यालय अभियान सञ्चालन | सबै विद्यालयमा कार्यान्वयन |
| १८ | विभेद तथा हिंसासम्बन्धी अनुगमन र अनुसन्धान | वार्षिक रूपमा सञ्चालन |
| १९ | विद्यालयमा समावेशी शिक्षा अनुगमन | वर्षमा कम्तीमा २ पटक |

### ४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको



DRAFT

समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

### ४.४.२ बर्तमान अवस्था

गरुडा नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ । यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६– १२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक बालविकासदेखि कक्षा ५ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग– अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषकतत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरीप्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावक लाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषिक्षेत्रसँग समन्वय गरी संयुक्त कार्य योजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) अपेक्षित उपलब्धि

- विद्यालयमा अध्ययनरत बालबालिकाले नियमित रूपमा स्वस्थ, सुरक्षित तथा पोषणयुक्त दिवाखाजा प्राप्त गर्नेछन्।
- बालबालिकाको स्वास्थ्य, पोषण अवस्था, सरसफाइ तथा व्यक्तिगत स्वच्छता व्यवहारमा सुधार भएको हुनेछ।
- विद्यालयमा स्वास्थ्य, पोषण तथा स्वच्छतामैत्री वातावरण सुनिश्चित भएको हुनेछ।
- किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनमा सुधार भई विद्यालयमा नियमित उपस्थिति बढेको हुनेछ।
- कुपोषण, स्वास्थ्य समस्या तथा सरसफाइसम्बन्धी जोखिममा कमी आई विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक सुधार भएको हुनेछ।
- विद्यालय, परिवार, स्वास्थ्य संस्था तथा समुदायबीच समन्वय र सहकार्य सुदृढ भएको हुनेछ।

ख) नतिजा

1. सबै सामुदायिक विद्यालयका बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीले नियमित पोषणयुक्त दिवाखाजा प्राप्त गरेका।
2. विद्यालयमा सुरक्षित खानेपानी, शौचालय, हात धुने तथा सरसफाइ सुविधा विस्तार भएको।
3. विद्यार्थीको स्वास्थ्य परीक्षण, जुकाको औषधि तथा सूक्ष्म पोषकतत्व वितरण नियमित भएको।
4. किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापन प्रभावकारी भएको।
5. स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी व्यवहारमा सुधार आएको।
6. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना भएको।
7. अपाङ्गता भएका, वञ्चित तथा आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको सेवामा पहुँच सुनिश्चित भएको।
8. विद्यार्थीको स्वास्थ्य अवस्था र सिकाइ उपलब्धिमा सुधार आएको ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | १० वर्षे लक्ष्य |
|---|---|---|
| १ | बालविकास केन्द्रदेखि कक्षा ५ सम्म पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने | लक्षित १००% विद्यार्थी लाभान्वित |
| २ | विद्यालय भान्सा तथा खाद्य भण्डारण कक्ष सुधार | १००% विद्यालयमा व्यवस्था |
| ३ | सुरक्षित खाना पकाउने भाँडावर्तन तथा सामग्री उपलब्ध गराउने | १००% विद्यालयमा उपलब्ध |
| ४ | समूहगत हात धुने सुविधा विस्तार गर्ने | १००% विद्यालयमा स्थापना |
| ५ | सुरक्षित खानेपानीको व्यवस्था गर्ने | १००% विद्यालयमा उपलब्ध |
| ६ | छात्र–छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा युरिनल निर्माण | १००% विद्यालयमा व्यवस्था |
| ७ | किशोरीमैत्री चेन्ज रुम स्थापना | सबै माध्यमिक विद्यालयमा स्थापना |
| ८ | विद्यालय परिसर तथा कक्षाकोठा सरसफाइ अभियान सञ्चालन | नियमित रूपमा सञ्चालन |
| ९ | प्राथमिक उपचार किट उपलब्ध गराउने | १००% विद्यालयमा उपलब्ध |
| १० | वार्षिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | वर्षमा कम्तीमा १ पटक |

DRAFT

| | | |
|---|---|---|
| ११ | जुकाको औषधि तथा सूक्ष्म पोषकतत्व वितरण | लक्षित १००% विद्यार्थीलाई वितरण |
| १२ | सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन | सबै किशोरी विद्यार्थी लाभान्वित |
| १३ | पोषण, स्वास्थ्य तथा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | प्रत्येक विद्यालयमा वर्षमा २ पटक |
| १४ | महिनावारी स्वच्छता व्यवस्थापन अभिमुखीकरण | सबै माध्यमिक विद्यालयमा वार्षिक सञ्चालन |
| १५ | शिक्षक तथा कर्मचारी क्षमता विकास तालिम | १००% शिक्षक तथा कर्मचारी सहभागी |
| १६ | अपाङ्गता भएका तथा वञ्चित विद्यार्थीका लागि लक्षित सहायता कार्यक्रम | लक्षित १००% विद्यार्थी समेटिने |
| १७ | अभिभावक तथा समुदाय सहभागितामा स्वास्थ्य तथा पोषण अनुगमन समिति गठन | १००% विद्यालयमा गठन |
| १८ | स्वास्थ्य संस्था तथा कृषि शाखासँग समन्वय कार्यक्रम सञ्चालन | सबै वडामा कार्यान्वयन |
| १९ | विद्यालय स्वास्थ्य तथा पोषण कार्ययोजना निर्माण | १००% विद्यालयमा तयार |
| २० | कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन | वार्षिक रूपमा सञ्चालन |

### ४.५ आपत कालीन अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

#### ४.५.२ वर्तमान अवस्था

गरुडा नगरपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्नतयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। नगरपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

#### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण– सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

DRAFT

त) संकट– आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | उपलब्धि | नतिजा | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|---|---|
| १ | **संघीय विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास** | स्थानीय तहमा कार्यात्मक विपद् प्रतिकार्य संयन्त्र स्थापित; शिक्षा निरन्तरता सुनिश्चित | संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने | सबै स्थानीय तहमा विपद् प्रतिकार्य संयन्त्र स्थापना र कार्यान्वयन सुनिश्चित |
| २ | **तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार** | आपतकालमा पनि सिकाइ निरन्तरता; स्थानीय सन्दर्भ र स्तरअनुकूल पाठ योजना उपलब्ध | स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने | आधारभूत र माध्यमिक तहका लागि वैकल्पिक सिकाइ पाठ योजना तयार र अद्यावधिक |
| ३ | **स्थानीय रेडियो, टेलिभिजन र सञ्चार माध्यमसँग समन्वय** | आपतकालमा दूरस्थ सिकाइ प्रसार; विद्यार्थीको सिकाइ पहुँच विस्तार | स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने | सबै स्थानीय तहमा कम्तीमा एक सञ्चार माध्यमसँग समन्वय सम्झौता र सिकाइ सामग्री प्रसारण |
| ४ | **विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण** | प्राकृतिक प्रकोपमा पनि सुरक्षित र क्रियाशील विद्यालय; विद्यार्थी सुरक्षा सुनिश्चित | विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने | नयाँ सबै विद्यालय भवन विपद् प्रतिरोधी मापदण्डअनुसार; पुराना भवनको क्रमिक स्तरोन्नति |

| | | | | |
|---|---|---|---|---|
| ५ | **नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति (विद्यालय शिक्षा उपसमिति सहित) गठन** | संस्थागत संयन्त्रमार्फत आपतकालीन शिक्षा व्यवस्थापनमा समन्वय र जवाफदेहिता | नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने | सबै नगरपालिकामा विपद् व्यवस्थापन समिति र शिक्षा उपसमिति गठन तथा सक्रिय |
| ६ | **प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार** | विद्यालयस्तरमा आपतकाल व्यवस्थापनको तयारी र प्रतिकार्य क्षमता सुनिश्चित | प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने | सबै विद्यालयमा अद्यावधिक आपतकालीन प्रतिकार्य योजना तयार र स्वीकृत |
| ७ | **महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार** | Covid-19 जस्ता महामारीमा पनि निर्बाध सिकाइ; बालबालिकाको शिक्षा अधिकार संरक्षित | महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने | अनलाइन, अफलाइन र मिश्रित वैकल्पिक सिकाइ प्याकेज तयार; संकटकालमा तत्काल लागू |
| ८ | **स्थानीय तह र विद्यालयका शिक्षक/कर्मचारीको आपतकालीन क्षमता विकास** | आपतकालमा दक्ष र तयार शिक्षक तथा कर्मचारी; प्रभावकारी प्रतिकार्य | स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने | सबै विद्यालयका शिक्षक र कर्मचारीलाई आपतकालीन व्यवस्थापन तालिम प्रदान |
| ९ | **विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश र कार्यान्वयन** | विपद् व्यवस्थापन विद्यालयको मूल संस्थागत योजनाको अभिन्न अंग बन्ने | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने | सबै विद्यालयको सुधार योजनामा विपद् व्यवस्थापन खण्ड अनिवार्य समावेश |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| १० | **हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन** | विद्यार्थीमा जलवायु चेतना र दिगो विकासको व्यवहारिक ज्ञान विकास | हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | सबै विद्यालयमा वार्षिक हरित/जलवायु कार्यक्रम; हरित विद्यालय प्रमाणीकरण |
| ११ | **संकट/आपतकालमा बालबालिकाको सिकाइ निरन्तरता र शिक्षा अधिकार सुनिश्चित** | कुनै पनि संकटमा शून्य सिकाइ अवरोध; बालबालिकाको संवैधानिक शिक्षा अधिकार कायम | संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने | संकटकालमा पनि सिकाइ निरन्तरताको दर ९०% भन्दा माथि कायम |
| १२ | **C o vid-19 जस्ता संकटका छोटो र लामो अवधि प्रभाव पहिचान र समाधान** | महामारीजन्य सिकाइ क्षति पूर्ति; दीर्घकालीन शैक्षिक पुनर्लाभ सुनिश्चित | Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने | सिकाइ क्षति मूल्याङ्कन र पुनर्लाभ कार्यक्रम लागू; प्रभावित विद्यार्थीलाई थप सहयोग |
| १३ | **विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यास वार्षिक योजनामा समावेश** | विद्यालय समुदाय विपद्का लागि व्यावहारिक रूपमा तयार; घटना हुँदा क्षति न्यूनीकरण | विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजनामा समावेश गर्ने | प्रत्येक विद्यालयमा वर्षमा कम्तीमा २ पटक विपद् ड्रिल अभ्यास अनिवार्य |
| १४ | **शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी तालिम** | विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनमा सक्षम विद्यालय समुदाय | शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यावहारिक तालिम दिने | सबै शिक्षक र माध्यमिक तहका विद्यार्थीलाई वार्षिक विपद्/जलवायु तालिम प्रदान |

| | | | | |
|---|---|---|---|---|
| १५ | **अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागिता** | समुदायको सक्रिय सहयोगमा आपतकालमा पनि बालबालिकाको सिकाइ सुनिश्चित | अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने | प्रत्येक विद्यालयमा अभिभावक/समुदाय आपतकालीन शिक्षा सहभागिता समूह गठन र सक्रिय |
| १६ | **संकट–आपतकालिन अवस्था व्यवस्थापनमा नियमित अनुगमन, मूल्याङ्कन र सुधार** | तथ्यमा आधारित निरन्तर सुधारमार्फत आपतकालीन शिक्षा व्यवस्थापनको प्रभावकारिता वृद्धि | संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने | वार्षिक आपतकालीन शिक्षा प्रभाव मूल्याङ्कन प्रतिवेदन; सुधार कार्ययोजना अद्यावधिक |

## ४.६विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ।शिक्षा नियमावली २०५९अनुसार,प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ।विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्।राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ।यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

DRAFT

### ४.६.२ वर्तमान अवस्था

गरुडा नगरपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

नगरपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, गरुडा नगरपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

DRAFT

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचकतयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | उपलब्धि | नतिजा | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|---|---|
| १ | विद्यालयका लागि पूर्वाधार विकास मापदण्ड तयार | तह र विद्यार्थी संख्याअनुसार मानकीकृत पूर्वाधार मापदण्ड स्थापित | विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने | सबै तहका विद्यालयका लागि मापदण्ड पुस्तिका तयार तथा कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| २ | लागत साझेदारी मार्फत पूर्वाधार निर्माण तथा स्तरोन्नति | संघसंस्था र सरोकारवालासँगको लागत साझेदारीमा पूर्वाधार निर्माण सम्पन्न | पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने | कम्तीमा ५०% विद्यालयमा साझेदारी मोडेलमा पूर्वाधार निर्माण/स्तरोन्नति |
| ३ | समग्र विद्यालय पूर्वाधार (कक्षाकोठा, शौचालय, भान्साघर, पानी आदि) निर्माण | सबै आवश्यक सुविधासहितका पूर्ण विद्यालय भवन र परिसर विकसित | कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाघर सहितको एकीकृत डिजाइन निर्माण गर्ने | सबै सरकारी विद्यालयमा न्यूनतम पूर्वाधार सुनिश्चित |
| ४ | प्रकोपप्रभावित विद्यालयको तुरून्त स्तरोन्नति र वैकल्पिक व्यवस्था | प्रकोपपछि विद्यार्थीको निरन्तर सिकाइ सुनिश्चित; क्षतिग्रस्त भवन स्तरोन्नत | प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने | प्रकोपपछि ७२ घण्टाभित्र वैकल्पिक सिकाइ व्यवस्था; १ वर्षभित्र स्थायी स्तरोन्नति |
| ५ | विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि | पूर्वाधार निर्माण र व्यवस्थापनमा विद्यालयको संस्थागत सक्षमता वृद्धि | पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने | सम्पूर्ण विद्यालयका व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि तालिम प्रदान |
| ६ | पूर्वाधार अनुगमन सूचक तयार र नियमित | भौतिक पूर्वाधारको अवस्था र प्रगतिको वास्तविक | विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी | वार्षिक पूर्वाधार अनुगमन प्रतिवेदन; |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| | अनुगमन प्रणाली स्थापना | समयमा जानकारी उपलब्ध | अनुगमन गर्ने | डिजिटल डेटाबेस स्थापना |
| ७ | आंशिक क्षति भएका विद्यालयको नियमित मर्मत सम्भार | विद्यालय संरचनाको टिकाउपन र सुरक्षा सुनिश्चित; ठूलो क्षतिको रोकथाम | आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने | वार्षिक बजेट विनियोजन; प्रत्येक विद्यालयमा वार्षिक मर्मत सम्भार योजना |
| ८ | विपद् जोखिममुक्त, सुरक्षित र हरित विद्यालय भवन तथा पूर्वाधार | भूकम्प/बाढी प्रतिरोधी, ऊर्जा कुशल र पर्यावरणमैत्री विद्यालय संरचना निर्माण | विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने | सबै नयाँ भवन हरित/विपद् मानकमा; पुराना भवनको क्रमिक स्तरोन्नति |
| ९ | बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसामुक्त सुरक्षित सिकाइ केन्द्र विकास | सबै विद्यार्थीका लागि समावेशी, सुरक्षित र स्वागतयोग्य सिकाइ वातावरण स्थापित | विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने | १००% विद्यालयमा समावेशी मापदण्ड पूरा; वार्षिक सुरक्षा लेखापरीक्षण |
| १० | खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र सिकाइ स्रोत सुनिश्चित | विद्यार्थीको समग्र विकासका लागि आवश्यक खेल, पठन र स्रोतसामग्री उपलब्ध | खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने | सबै विद्यालयमा खेलकुद मैदान र पुस्तकालय/बुक कर्नर स्थापना |

| | | | | |
|---|---|---|---|---|
| ११ | सबै पूर्वाधारमा समावेशी र सुलभ पहुँच सुनिश्चित | अपाङ्गता भएका, छात्रा र सीमान्तकृत विद्यार्थीको समान पहुँच र सहभागिता | विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने | सबै नयाँ पूर्वाधारमा Universal Design मापदण्ड; पुराना संरचनाको अनुकूलन |

### ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न,विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ । नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव

DRAFT

समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण– सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुर्‍याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ ।

**४.७.२ वर्तमान अवस्था**

गरुडा नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन । अधिकांश विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्नु पर्ने देखिन्छ।

समग्रमा, गरुडा नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

**४.७.३ उद्देश्य**

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु ।

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु।

**४.७.४ रणनीतिहरू**

DRAFT

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने ।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने ।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने ।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | उपलब्धि | नतिजा | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|---|---|

DRAFT

| | | | | |
|---|---|---|---|---|
| १ | सबै विद्यालयमा ICT आधारभूत संरचना र उपकरण उपलब्ध | कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड सहित ICT सुसज्जित विद्यालय | सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने | सबै सरकारी विद्यालयमा न्यूनतम ICT उपकरण स्थापना सम्पन्न |
| २ | शिक्षकहरूको IC T प्रयोग क्षमता अभिवृद्धि | IC T सक्षम शिक्षकद्वारा प्रविधिमैत्री कक्षाशिक्षण प्रवर्द्धन | शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने | १००% शिक्षकलाई ICT तालिम; वार्षिक रिफ्रेसर कार्यशाला सञ्चालन |
| ३ | कक्षा र विषयअनुसार अन्तरक्रियात्मक डिजिटल पाठ्यसामग्री विकास र प्रयोग | सिकाइ अनुभव प्रभावकारी: विद्यार्थीको संलग्नता र उपलब्धिमा सुधार | कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्यसामग्रीको प्रयोग बढाउने | सबै कक्षा र विषयका लागि डिजिटल सामग्री उपलब्ध: नियमित प्रयोग सुनिश्चित |
| ४ | शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT प्रयोग | डिजिटल मूल्याङ्कन र तत्काल पृष्ठपोषणबाट सिकाइ गुणस्तरमा सुधार | शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने | सबै विद्यालयमा डिजिटल मूल्याङ्कन र पृष्ठपोषण प्रणाली कार्यान्वयन |
| ५ | इन्टरनेट सुविधा मार्फत शैक्षिक स्रोतमा पहुँच विस्तार | विद्यालय र विद्यार्थीले राष्ट्रिय/अन्तर्राष्ट्रिय शैक्षिक स्रोतमा पहुँच प्राप्त | शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने | सबै विद्यालयमा इन्टरनेट जडान: न्यूनतम ब्रोडब्यान्ड सुनिश्चित |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| ६ | विद्यालय प्रशासन, सूचना व्यवस्थापन र सेवाप्रवाहमा IC T प्रयोग विस्तार | कुशल, पारदर्शी र डिजिटल विद्यालय प्रशासन र सेवाप्रवाह | विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवाप्रवाहमा ICT प्रयोग विस्तार गर्ने | सबै विद्यालयमा डिजिटल प्रशासन प्रणाली (IEMIS ) कार्यान्वयन |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा ICT स्थापना | समुदायस्तरमा डिजिटल साक्षरता र सिकाइ अवसर विस्तार | सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने | सबै सामुदायिक सिकाइ केन्द्रमा ICT उपकरण र इन्टरनेट जडान |
| ८ | अधिकांश विद्यालयमा मोबाइल/साझा उपकरण वा अनलाइन समाधान स्थापना | सबै विद्यालयका विद्यार्थीको समान ICT मा पहुँच | सबै विद्यालय विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने | सबै विद्यालयमा मोबाइल ल्याब वा अफलाइन डिजिटल समाधान उपलब्ध |
| ९ | ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन | विद्यार्थीको डिजिटल क्षमता, रचनात्मकता र अनुसन्धान कौशल विकास | ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने | माध्यमिक तहका सबै विद्यालयमा परियोजना/अनुसन्धान आधारित ICT पाठ्यक्रम लागू |
| १० | ICT अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजना कार्यान्वयन | ICT प्रयोगको प्रभावकारिता नियमित मापन र निरन्तर सुधार सुनिश्चित | ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने | वार्षिक ICT प्रभाव मूल्याङ्कन प्रतिवेदन; डिजिटल सुधार कार्ययोजना अद्यावधिक |

DRAFT

## परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुन मार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्राय जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलव्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण– सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|
| १ | विद्यालय तथा शैक्षिक निकायहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने | सबै सामुदायिक विद्यालयको वर्षमा कम्तीमा ३ पटक अनुगमन |
| २ | विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्ने | १००% विद्यालयका व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई तालिम प्रदान |

| | | |
|---|---|---|
| ३ | विद्यालयमा सामाजिक तथा सार्वजनिक परीक्षण (Social Audit) सञ्चालन गर्ने | सबै विद्यालयमा वार्षिक सामाजिक परीक्षण सम्पन्न |
| ४ | विद्यालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने | १००% विद्यालयमा अद्यावधिक विद्यालय सुधार योजना लागू |
| ५ | विद्यार्थी सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली विकास गर्ने | सबै विद्यालयमा सिकाइ उपलब्धि परीक्षण सञ्चालन |
| ६ | शिक्षकको नियमित उपस्थिती तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गर्ने | शिक्षक उपस्थिती दर ९५% भन्दा माथि कायम गर्ने |
| ७ | बालमैत्री तथा समावेशी विद्यालय वातावरण प्रवर्द्धन गर्ने | सबै विद्यालयमा बालमैत्री सूचक पूरा गर्ने |
| ८ | विद्यालय सूचना व्यवस्थापन प्रणाली (EMIS) अद्यावधिक गर्ने | १००% विद्यालयको तथ्याङ्क समयमै अद्यावधिक |

## ५.२स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो

क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोतसाधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

**५.२.२वर्तमान अवस्थाः**

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि **स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** गर्नेछ। नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक

जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

५.२.४रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ञ) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

**५.२.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य**

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क.सं. | प्रमुख क्रियाकलाप | वार्षिक लक्ष्य |
|---|---|---|
| १ | नगर शिक्षा योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने | प्रत्येक आर्थिक वर्षमा १ कार्ययोजना तथा बजेट स्वीकृत |
| २ | शिक्षा योजनाका कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | सबै विद्यालयको वर्षमा कम्तीमा ३ पटक अनुगमन |
| ३ | शिक्षा योजना कार्यान्वयन सम्बन्धी समीक्षा बैठक सञ्चालन गर्ने | त्रैमासिक ४ वटा समीक्षा बैठक सम्पन्न |
| ४ | विद्यालय तथा सरोकारवालाहरूलाई शिक्षा योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | 250 जना सरोकारवालालाई अभिमुखीकरण |

| | | |
|---|---|---|
| ५ | शिक्षा योजनाका सूचकहरूको प्रगति विवरण सङ्कलन तथा विश्लेषण गर्ने | वार्षिक प्रगति प्रतिवेदन १ वटा तयार |
| ६ | विद्यालय सुधार योजना (SIP) लाई नगर शिक्षा योजनासँग आबद्ध गरी कार्यान्वयन गर्ने | १००% सामुदायिक विद्यालयमा कार्यान्वयन |
| ७ | शिक्षा सूचना व्यवस्थापन प्रणाली (EMIS/IEMIS) अद्यावधिक गर्ने | सबै विद्यालयको विवरण समयमै अद्यावधिक |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररीवेक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार रसुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ। खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ।  सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

५.३.३ **उद्देश्य**

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

५.३.४ **रणनीतिहरू**

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

छ) योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनावा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) **प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | वार्षिक लक्ष्य |
|---|---|---|
| १ | नगरस्तरीय शैक्षिक अनुगमन तथा मूल्याङ्कन समिति गठन तथा परिचालन | १ समिति गठन तथा नियमित सञ्चालन |
| २ | शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन/कार्यविधि निर्माण र कार्यान्वयन | १ मार्गदर्शन/कार्यविधि तयार तथा लागू |

| | | |
|---|---|---|
| ३ | सामुदायिक तथा संस्थागत विद्यालयहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण | सबै विद्यालयको वर्षमा कम्तीमा ३ पटक अनुगमन |
| ४ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक तथा प्रयोग सुदृढीकरण | १००% विद्यालयको तथ्याङ्क अद्यावधिक |
| ५ | विद्यालय कार्यसम्पादन तथा विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन | वर्षमा कम्तीमा १ पटक सबै विद्यालयमा परीक्षण |
| ६ | प्रधानाध्यापक तथा शिक्षकका लागि अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी अभिमुखीकरण | १००% प्रधानाध्यापक तथा कम्तीमा ७५% शिक्षक सहभागी |
| ७ | कक्षाकोठा अवलोकन तथा कार्यस्थलमा आधारित सुपरिवेक्षण कार्यक्रम सञ्चालन | प्रत्येक विद्यालयमा वर्षमा कम्तीमा २ पटक कक्षा अवलोकन |
| ८ | त्रैमासिक, वार्षिक तथा आवश्यकता अनुसार विशेष अनुगमन प्रतिवेदन तयार गर्ने | ४ त्रैमासिक तथा १ वार्षिक प्रतिवेदन |
| ९ | शिक्षा योजनाअन्तर्गत सञ्चालित कार्यक्रमहरूको आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन गर्ने | १ आवधिक समीक्षा, १ मध्यावधिक र १ अन्तिम मूल्याङ्कन |
| १० | अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुझाव कार्यान्वयनका लागि सुधारात्मक कार्ययोजना तयार गर्ने | सबै अनुगमन प्रतिवेदनमा सुधारात्मक कार्ययोजना समावेश |

DRAFT

## परिच्छेद ६
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

DRAFT

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

**६.२ वर्तमान अवस्था**

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ५ लाख रहेको छ ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट हजारमा | जम्माहिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ६५६००० | ५७.६७% | |
| २ | प्रदेश सरकार | २७५०० | २४.३५% | |
| ३ | स्थानीय सरकार | १७२२० | १५.२८% | |
| ४ | अभिभावक तथा समुदाय | ५०० | ०.४५% | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १०० | ०.९०% | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ५०० | ०.४५% | |
| ७ | अपुग रकम | १०० | ०.९६% | |
| | जम्मा | ११२७२० | १००% | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

DRAFT

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

**६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**प्रमुख क्रियाकलाप**

क) शिक्षा क्षेत्रको स्रोत आवश्यकता तथा वित्तीय प्रक्षेपण अध्ययन तथा अद्यावधिक गर्ने।

ख) शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट तर्जुमा गर्ने।

ग) सङ्घ, प्रदेश तथा स्थानीय स्रोत परिचालन र समन्वयलाई सुदृढ गर्ने।

घ) शिक्षा क्षेत्रमा विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने।

ङ) विद्यालयको वित्तीय व्यवस्थापन, लेखा तथा प्रतिवेदन प्रणाली सुदृढीकरण गर्ने।

च) विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा सम्बन्धित जनशक्तिको वित्तीय व्यवस्थापन क्षमता विकास गर्ने।

छ) शिक्षा क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारी तथा लगानी प्रवर्द्धन गर्ने।

ज) मापदण्डमा आधारित खर्च, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

झ) विद्यालय तथा सरोकारवालाहरूको जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने।

ञ) शिक्षा क्षेत्रमा विनियोजित स्रोतको उपयोग तथा उपलब्धिको नियमित मूल्याङ्कन गर्ने।

DRAFT

लक्ष्य

क) योजना अवधिभर वार्षिक कुल बजेटको न्यूनतम २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्ने।

ख) शिक्षा क्षेत्रका सबै प्राथमिकताप्राप्त कार्यक्रमका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्ने।

ग) सबै सामुदायिक विद्यालयमा मापदण्डअनुसार वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने।

घ) विद्यालयस्तरमा वित्तीय पारदर्शिता तथा जवाफदेहिताको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने।

ङ) शिक्षा क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानी तथा सहकार्यमा वृद्धि गर्ने।

च) वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रममार्फत सम्बन्धित जनशक्तिको क्षमता विकास गर्ने।

छ) शिक्षा क्षेत्रका कार्यक्रमहरूको वार्षिक प्रगति, खर्च तथा उपलब्धि सार्वजनिक गर्ने व्यवस्था सुनिश्चित गर्ने।

उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

DRAFT

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको

## बजेट विवरण

| क्रस | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | | श्रोतआँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९८२४००० | ९८२६००० | ९८२८००० | ९८२९००० | ९८३०००० | ४९१३७००० | √ | | √ |
| २ | आधारभतू शिक्षा | ६५५००००० | ६६०००००० | ६६५०००००० | ६७०००००० | ६७५०००००० | १५३८५००००० | √ | | |
| ३ | माध्यमिक शिक्षा | १०७००००० | १०८००००० | १०९००००० | १०१००००० | १०१५०००० | १५८७६३७००० | √ | | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १६५०००० | १६५५००० | १६६०००० | १६६५००० | १६७०००० | ८३००००० | √ | | |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ११२६५००० | ११२७५००० | ११२८५००० | ११२९५०० | ११३०५००० | ४६२५९५०० | √ | | √ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक व्यवस्थापन र विकास | १७२२००००<br>० | १७२३००००<br>० | १७२४००००<br>० | १७२५००००<br>० | १७२६००००<br>० | ५४५५९५०० | √ | | √ |
| ७ | समता र समावेशीकरण | २९८६००० | २९८७००० | २९८८००० | २९८९००० | २९८९००० | १४९३९००० | √ | | √ |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ७२००००० | ७३००००० | ७४००००० | ७५००००० | ७६००००० | ३०२५०००० | √ | | |
| १० | विद्यालय भौतिक पूर्बाधार विकास | २७५००००० | २७६००००० | २७८००००० | २७९००००० | २८०००००० | १३८८००००० | √ | √ | √ |
| ११ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ७००००० | ७१५००० | ७२०००० | ७३०००० | ७४०००० | ३६०५००० | √ | √ | √ |
| १२ | विद्यालय सुरक्षा | १८०५००० | १८०६००० | १८१६००० | १८१७००० | १८२०००० | ९०६४००० | √ | √ | √ |
| १३ | संस्थातक्षमता विकास | ९४६००० | ९४७००० | ९५०००० | ९५१००० | ९५२००० | ४७४६००० | √ | | √ |
| १ | शिक्षा योजना कार्यान्वयन को प्रबन्ध | ५००००० | ५५०००० | ६००००० | ६५०००० | ७००००० | ३०००००० | √ | | √ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | योजना कार्यान्वयन अनुगमन तथा मूल्यङकन समन्वय र सहजीकरण | ९४६००० | ९४८००० | ९४९००० | ९५१००० | ९५३००० | ४७४७००० | √ | √ | √ |
| | **जम्मा** | ३२३९७००० | ३२५६६००० | ३२८३५००० | ३२९९१००० | ३३१६५००० | १६३९६२००० | | | |

## परिच्छेद ७
## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ।स्थानिय तह र  बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन  ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई

कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भए तापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ।सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । कोटहीमाई नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

DRAFT

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाको ठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

DRAFT

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा

आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षार सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

### ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापनप्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) रप्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

DRAFT

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कनप्रणालीको अवलम्बन गर्ने,

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनप्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षा कोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य |
|---|---|---|
| १ | एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन निर्देशिका/कार्यविधि निर्माण तथा कार्यान्वयन | १ वटा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने |
| २ | नगरस्तरीय शिक्षा अनुगमन तथा मूल्याङ्कन समिति गठन तथा परिचालन | १ समिति गठन तथा नियमित बैठक सञ्चालन |
| ३ | विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाई डिजिटल प्रणालीमार्फत सञ्चालन गर्ने | १००% विद्यालयको अनुगमन प्रतिवेदन डिजिटल अभिलेखीकरण |
| ४ | IEMIS तथा स्थानीय शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने | सबै विद्यालयको तथ्याङ्क वार्षिक रूपमा अद्यावधिक |
| ५ | राष्ट्रिय सूचकका अतिरिक्त स्थानीय आवश्यकतामा | कम्तीमा १० स्थानीय सूचक |

DRAFT

| | | |
|---|---|---|
| | आधारित शैक्षिक सूचक विकास तथा प्रयोग गर्ने | विकास र प्रयोग |
| ६ | विद्यालय तथा शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | सबै विद्यालयको वर्षमा कम्तीमा ३ पटक अनुगमन |
| ७ | कक्षाकोठा अवलोकन तथा कार्यस्थलमा आधारित शिक्षक सुपरिवेक्षण सञ्चालन गर्ने | प्रत्येक विद्यालयमा वर्षमा कम्तीमा ३ पटक कक्षा अवलोकन |
| ८ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण सञ्चालन तथा विश्लेषण गर्ने | कक्षा ३, ५ र ८ मा वार्षिक उपलब्धि परीक्षण सञ्चालन |
| ९ | विद्यालय कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गर्ने | १००% सामुदायिक विद्यालयको वार्षिक मूल्याङ्कन |
| १० | त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा बैठक सञ्चालन गर्ने | ४ त्रैमासिक, २ अर्धवार्षिक र १ वार्षिक समीक्षा |
| ११ | अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन गर्ने | कुल शिक्षा बजेटको कम्तीमा २% अनुगमन तथा मूल्याङ्कनमा विनियोजन |
| १२ | सहभागितामूलक अनुगमन तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्ने | सबै सामुदायिक विद्यालयमा वार्षिक सामाजिक परीक्षण |
| | | |

DRAFT

## अनुसूचीहरु

DRAFT